वर्ष : २०, अंक : ३१, काठमाडौं, २०८१ पुस २६ गते शुक्रबार, 10 January, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित ____________ www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# आलोचनात्मक समीक्षासहित सहकार्यको विकल्प नरहेको निष्कर्ष



काठमाडौं । अहिले तराई-मधेशकेन्द्रित दलहरुबीच एकता, मोर्चाबन्दी, गठबन्धन र सहकार्यका लागि गृहकार्यमा लागेको छ । खासगरी एकता, सहकार्य वा मोर्चाबन्दी गर्नुपर्ने अवस्थामा किन पुगे ? के अहिले कुनै चुनाव छ ? के कुनै आन्दोलन गर्नुपर्ने छ ? तर, यस्ता कुनै परिस्थिति छैन । देशमा अहिले दुई ठूला प्रमुख दलको सरकार रहेको छ । जसमा मधेशका केही दल सहभागी छन् र बाँकी सबैले समर्थन पनि जनाएका छन् । भनेपछि मधेशी दलहरुबीच सहकार्यको आवश्यकता किन पर्‍यो ।

पछिल्लो समय मधेशी दलहरूबीच एकता र सहकार्यका लागि भेटवार्ता र छलफलहरू तीव्र हुँदै आएको छ । तर, नेताहरू एकता गर्नमा भन्दा मोर्चा बनाएर अघि बढ्नुपर्नेमा सकारात्मक देखिएका छन् । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष अनिलकुमार झाले मधेसमा गठबन्धन बनाउनका लागि सबै तयार हुनुपर्ने बताएका छन् । मधेशी एकता सम्बन्धी राजधानीमा शनिवार आयोजित एक कार्यक्रममा उनले एक अर्काको बारेमा टीकाटिप्पणी गर्न छाडेर सहकार्यका लागि तयार हुनुपर्ने बताए । 'कसले कहाँ के कमी कमजोरी गरे त्यतातिर अहिले जाने बेला होइन, सहकार्यका लागि सबै पक्षबाट पहल हुनुपर्छ, उनले भने ।

लोसपा नेपालका उपाध्यक्ष लक्ष्मणलाल कर्णले पनि विगतमा कसले के गरे त्यसको बारेमा टिप्पणी गर्दै जाने हो भने एकता वा मोर्चाबन्दी कहिले हुँदैन भन्दै सहकार्य तथा एकताका लागि सबै कुरा बिर्सेर लाग्नुपर्ने बताए ।

मधेशी युवा संजय यादवले संयोजन गरेको कार्यक्रममा उनले भने, 'अहिलेको अवस्थामा एकता सम्भव छैन, मोर्चा बनाएर जानुपर्छ । कसै कसैले एकताभन्दा पहिले मधेसमा डायग्नोसिस हुनुपर्ने बताएका छन्, यदि डायग्नोसिसतिर लाग्यो भने सहकार्य हुँदैन त्यसैले अहिले सिर्फ सहकार्यको कुरा गर्नुपर्छ ।'

जनता समाजवादी पार्टी नेपालका सहअध्यक्ष राजकिशोर यादवले मधेसमा मधेसवादी दलको बिचमा सहकार्य वा एकता अपरिहार्य छ तर परम्परा ढङ्गले हुँदैन विशेष खालको सहकार्य हुनु आवश्यक रहेको बताए । 'देशको स्थिति पहिला जस्तो छैन, अन्तर्राष्ट्रिय राजनीतिमा परिवर्तन आएको छ त्यसको प्रभाव नेपालमा पनि परेको छ, त्यो ढङ्गबाट पनि सोच्ने बेला आएको छ', उनले थप भने, 'मधेसले पनि अन्तर्राष्ट्रिय राजनीतिमा चासो लिएर आफ्नो रणनीति बनाएर अगाडि बढ्नुपर्छ ।' मधेशीले आफ्नो क्षमता बढाउनुपर्छ र लडाइँको स्वरूप परिवर्तन गर्नुपर्छ भन्दै उनले आफ्नो अधिकार लिनका लागि सङ्घर्षको विकल्प नरहेको धारणा राखे ।

जनता समाजवादी पार्टीका उपाध्यक्ष रेणु यादवले मधेशको पार्टी अलग अलग भएपनि मुद्दामा एक रहेको बताइन् । जो जहाँ भएपनि आवश्यक परेको बेलामा एक ठाउँ आउनु नै ठुलो कुरा रहेको बताउँदै उनले देशको परिस्थिति अनुसार एकता र सहकार्यका लागि अगाडि बढ्नुपर्ने बताइन् ।

देशको राजनीतिक अवस्था हेर्दा दलहरूको बिचमा सहकार्य आवश्यक रहेको बताउँदै उनले सहकार्य वा मोर्चाबन्दीबाट कुनै पनि दल पछाडि हट्न नहुने बताइन् । विगतमा दलबाट भएको कमी कमजोरीको बारेमा पनि समीक्षा हुनुपर्ने उनले बताइन् ।

मधेशी युवा संजय यादवले देशको राजनीतिक परिस्थितिका कारण मधेसी दलबिच एकता हुनुपर्ने भन्दै त्यसको वातावरण बनाउन यो कार्यक्रमको आयोजना गरेको बताए । एउटै मुद्दा, एउटै विचार भएका पार्टीहरु अलग अलग लडाइ लडेर केही प्राप्त नहुने भन्दै उनले एक ठाउँमा आएर संयुक्त रूपमा संघर्ष गरेमा मात्र केही प्राप्त हुने धारणा राखेका थिए ।

## लोसपाले गठन गर्‍यो समिति

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले कार्यगत एकता एवं राजनीतिक मुद्दा र सिद्धान्त मिल्नेसँग पार्टी एकीकरणका लागि संवाद गर्न समिति गठन गरेको छ । अध्यक्ष महन्थ ठाकुरले विज्ञप्ति जारी गर्दै मधेश केन्द्रीत राजनीतिक पार्टीबीच संवाद, सहकार्य, कार्यगत एकता एवं राजनीतिक मुद्दा मिल्नेसँग पार्टी एकीकरणका लागि समिति गठन गरिएको जानकारी गराए ।

समितिमा वरिष्ठ उपाध्यक्ष एवं मधेश प्रदेश अध्यक्ष जितेन्द्रप्रसाद सोनार, वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, उपाध्यक्ष रामप्रकाश चौधरी, महासचिव डा सुरेन्द्रकुमार झा र महासचिव मनिषकुमार मिश्र रहेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै थप राजनीतिक अधिकार प्राप्तिको लागि सङ्घर्षशील राजनीतिक शक्तिबीच संवाद, सहकार्य एवं कार्यगत एकता आजको आवश्यकता रहेको लोसपाले ठहर गरेको छ ।

## जनमत पार्टीले बनायो कार्यदल

काठमाडौं । मधेशकेन्द्रित दलहरुबीच मोर्चाबन्दीका लागि डा.सीके राउत नेतृत्वको जनमत पार्टीले दुई सदस्यीय कार्यदल गठन गरेको छ । जनमत पार्टीको आइतबार बसेको केन्द्रीय सचिवालय समितिको बैठकले कार्यदल गठन गर्दै उपाध्यक्ष अब्दुल खान र प्रवक्ता डा.शरदसिंह यादवलाई जिम्मा दिएको हो । जनमतका केन्द्रीय सचिवालय राजेश कुमार मण्डलका अनुसार मधेशकेन्द्रित दलहरुबीच सम्वाद र सहकार्यको पहल गर्नका लागि दुई सदस्यीय समिति गठन गरेको हो ।

## पूर्वप्रदेश प्रमुख डा.अहिराजले गरे ४६औं पटक रक्तदान



काठमाडौं । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले मंगलबार ४६औं पटक रक्तदान गरेका छन् । काठमाडौंको प्रदर्शनी मार्गस्थित ब्लड बैंकको केन्द्रीय कार्यालयमा मंगलबार पूर्वप्रदेश प्रमुख डा.अहिराजले रक्तदान गरेका हुन् । उनले रक्तदान जीवन दान मान्यताका साथ नियमितरुपमा रक्तदान गर्दै आएका छन् । देशमा रगतको अभाव भइरहेको बेला नागरिकको जीवन रक्ताका लागि रक्तदान गर्नु सबै स्वस्थ नेपाली नागरिकको दायित्व रहेको उनले बताएका छन् । डा.अहिराजले भने, 'कयौ अस्पतालमा मानिसहरु रगत अभावमा छटपटाइरहेका छन् । प्रसव वेदना क्रममा अत्याधिक रक्तश्राव कयौ महिला अहिले छटपटाइरहेको अवस्थामा छन् । यस्तो अवस्थामा कसैले थोरै मात्र रगत पाउने हो भने मात्र पनि उसको ज्यान बच्न सक्छ ।' देशमा रगतको अभाव नहुन दिनका लागि खासगरी सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, नेता लगायतले रक्तदान गर्न थाले भने सर्वसाधारण नागरिकले पनि रक्तदान गर्न उत्प्रेरित हुने उनको धारणा थियो ।

## चिसोबाट प्रभावितलाई नेपाली सेनाको राहत



काठमाडौं । देशभर बढ्दै गरेको चिसोलाई मध्यनजर गर्दै चिसोबाट प्रभावित मटिहानी नगरपालिका वडा नं ४ र ९ मा रहेका मुसहर र डोम समुदायका नागरिकहरूलाई नेपाली सेनाको गोरखनाथ गण प्रकौली ब्यारेकले मण्डी (कम्बल) वितरण गरेको छ ।

यसै क्रममा श्री राम मा.वि. मटिहानीमा आयोजित एक कार्यक्रम बीच मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, निमित्त प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने, नेपाली सेनाको गोरखनाथ गण प्रकौली ब्यारकका प्रमुख सेनानी बिनोद बिकास पाठक, शसस्त्र प्रहरीका एसपी बिनोद के.सी. र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय महोत्तरीका प्रमुख सुदिप अधिकारीले संयुक्त रुपमा वितरण गरेका हुन् ।

नेपाली सेनाले प्रत्येक वर्ष चिसोबाट प्रभावित स्थानीयहरुलाई मण्डि वितरण गर्ने कार्यक्रम अन्तर्गत मटिहानी नगरपालिका वडा नं ४ र ९ मा रहेका मुसहर र डोम समुदायका १२३ नागरिकहरूलाई सो मण्डि बितरण गरिएको कुरा नेपाली सेनाको गोरखनाथ गण प्रकौली ब्यारकका प्रमुख सेनानी बिनोद बिकास पाठकले बताए । उक्त मण्डि वितरण कार्यक्रममा वडा नं.४ का वडा अध्यक्ष अब्दुल गफार राइन, वडा नं.९ का वडा अध्यक्ष मदन चौधरी, प्रहरी चौकी मटिहानीका प्रमुख रोशन लामिछाने, वडा सदस्यहरु समाज सेवी मुसाफिर सहनी लगायतका स्थानीयहरुको उपस्थिति रहेको थियो ।

## संविधान संशोधनको कुरा गर्नु अपराध हो : प्रभु साह



काठमाडौं । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले संविधानको कार्यान्वयन नै नगरीकन संशोधनको कुरा गर्नु अपराध भएको टिप्पणी गरेका छन् ।

आजपाको सिंहदरबार, काठमाडौंस्थित दलको कार्यालयमा सञ्चारकर्मीसंगको कुराकानीमा अध्यक्ष साहले संविधान संशोधन नभई खारेज नै गर्नुपर्ने बताए । संविधान कार्यान्वयन सम्बन्धी कानून सरकार ल्याऊन चाहेन । प्रहरी ऐन अल्पत्र छ, निजामति ऐन बेवारिसे छ । संविधान अनुरुपको सामाजिक न्याय प्रदान गर्ने शिक्षा र स्वास्थ्य ऐन अलपत्र छ, आजपा अध्यक्ष साहले भने, 'संविधानमा भएका मौलिकहकहरु कार्यान्वयन गर्ने कुनै कानून नै सरकारले बनाएन् । यसरी सरकारलाई संविधान कार्यान्वयनमा कुनै चासो नै छैन् ।'

हिजोको दिनमा संविधान निर्माण पनि कांग्रेस र एमालेको गठबन्धन सरकारले गरेको बताउँदै उनले संविधान नै कार्यान्वयन नगरीकन उही पार्टी र नेताहरुले संशोधनको कुरा गर्नु भनेको अपराध भएको टिप्पणी उनले गरे ।

'हिजो संविधान निर्माण पनि कांग्रेस र एमालेको गठबन्धन सरकारले नै गरेको ति नेताहरु अहिले पनि नेतृत्वमै रहेको सन्दर्भमा कुनै पनि नैतिकताले संशोधनको कुरा गर्नु उचित छैन्,' आजपा अध्यक्ष साहले भने, 'बरु गतल संविधान बनाई देश र जनतालाई ठगेको कुरा स्वीकारेर कामै नलाग्ने यो व्यवस्था खारेज गर्न उनीहरु सहमत हुन जरुरी छ ।'

यो व्यवस्थाले मुलुक र जनताको अवस्था परिवर्तन नहुने ठोकुवा गर्दै यस्तो 'खिचडी व्यवस्था' खारेज गर्नुको बिकल्प नभएको उनले बताए । दलाल दलतन्त्र, लुटतन्त्रले आम नागरिक निरास भएको बताउँदै उनले यो व्यवस्था खारेज गरेर आम जनताको शासन हुने व्यवस्था आवश्यक भएको बताए ।

## आधारभूत तहको शिक्षामा लगानी वृद्धि आवश्यक छ : मुख्यमन्त्री सिंह



महोत्तरी । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले आधारभूत तहको शिक्षामा राज्यको लगानी वृद्धि आवश्यक रहेको बताएका छन् ।

शुक्रबार बर्दिबास-३ गौरीडाँडास्थित जनता माध्यमिक विद्यालय परिसरमा दृष्टिविहीन छात्रछात्राका लागि निर्मित छात्रावास भवन उद्घाटन गर्दै उनले प्रदेश सरकारले शिक्षाको जग मजबुत बनाउन आधारभूत तहकै शिक्षामा योजनाबद्ध काम थाल्नु पर्ने निष्कर्षमा पुगेको बताएका हुन् ।

राज्यले उपल्लो तहको शिक्षामा बढी लगानी गरे पनि आधारभूत र माध्यमिक तहमा राम्रो हुन नसक्दा अपेक्षित उपलब्धि हासिल नभएको उनले उल्लेख गरे ।

छाया नेपाल नामक संस्थाले दृष्टिविहीन छात्रछात्राका लागि आठ कोठाको दुई तले भवन रु. ९९ लाख ३७ हजार लागतमा निर्माण गरी आज विद्यालयलाई हस्तान्तरण गरेको हो । यस विद्यालयको दृष्टिविहीन छात्र बासमा हाल १९ जना छात्रछात्रा छन् ।

घटना पछि पुगेका टेम्पू चालकहरुले बिहान टेम्पुलिएर गौर बस पार्क पुगेका हक् राम्रो देखिएको पछि मृत्यु भएको सुनेपछि पत्याउने नसकिने जस्तो अनुभूति भएको प्रतिक्रिया दिएका छन् । मृतकका १९ वर्षीया छोरी गुलसन खातुनले बूबालाइ कुनै किसिमको रोग नभएको बताउँदै खाना खाएर बाहिर गएका बुबालाई चिसोले च्यापेको दाबी गरिन् ।

आर्थिक अवस्था कमजोर रहेका हक्को निधनले उनका परिवार नै विचल्लीमा परेको गाउँलेहरुले बताएका छन् । मृतकका एक श्रीमती, २ नाबालाक छोरा र ३ वटा छोरी रहेका छन् । जेठी छोरी १९ वर्षकी रहेकी छन् भने छोरा १२ वर्ष र ६ वर्षको रहेको बुझिएको छ ।

विगत केहि दिनदेखि अचानक बढेको चिसोले गर्दा रौतहटका जनजीवन नराम्रोसँग प्रभावित भएको छ । बिहान र बेलुकी लाग्ने बाक्लो हुस्सु र पश्चिमी हावाले गर्दा घर बाहिर निस्किन सर्वसाधारणलाई गार्हो भएको छ । चिसोको कारण सरकारी कार्यालयहरुमा कामकाज गराउन आउने सेवाग्राहीहरुको संख्यामा पनि कमी आएको छ ।

## सम्पादकीय

# संघीयता किन संस्थागत हुन सकिरहेको छैन ?

सबै अधिकारवादी अगुवाहरूसंग सरकारले गरेको सम्झौतामा संघीयता शब्द उल्लेख भए पनि ती सम्झौताहरूको कार्यान्वयन गर्ने मन:स्थितिमा राजनीतिक दलहरू गम्भीर देखिएन । सम्झौता गरि सबै अधिकारवादी आन्दोलनलाई तह लगाउने काँग्रेस सरकारका प्रतिनिधीहरू हरेक सम्झौतामा हस्ताक्षर गरि ऐतिहासिक दायित्व पूरा गरी गौरवान्वित भएका छन् । सम्झौताका मूल दस्ताबेजमा सरकारका प्रतिनिधी बनी नाम कमाएका दलहरू जनताका माँगलाई उपेक्षा गरि जसरी सम्झौताका दस्ताबेजलाई रद्दीको टोकरीमा फाल्ने प्रपंच गरेको छ, के यो व्यवहारले शाँति स्थापनाको प्रयास सार्थक हुन सक्दछ ? मधेशी जनअधिकार फोरम, नेपालसंग २०६४ भाद्र १३ गते गरिएको २२ बून्दे सम्झौता तथा पूर्वाग्रही मानसिकताले सम्झौता बमोजिमको आवाजलाई वेवास्ता गरि अगाडि बढ्ने अवस्थाले पुनश्च मधेशलाई संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेतृत्वमा आन्दोलन गर्नु परेकोले सरकारले फेरि २०६४ फाल्गुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासंग सम्झौता गर्‍यो । तर, के भयो ? यसरी नै संघीयताका पक्षधर आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संयुक्त संघर्ष समितिसंग २०६४ श्रावण २२ गते, संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासंग २०६४ फाल्गुन १८ गते, चुरे भावर प्रदेश एकता समाजसंग २०६४ भाद्र २७ गते नेपाल सरकारले स्वायत्त प्रदेशको संघीयता दिने सम्बन्धको सम्झौता गर्‍यो । मधेशका दर्जनौं सशस्त्र समूहसंग सम्झौता गरि आन्दोलनलाई किनारा लगाएको छ । अधिकारवादी आन्दोलनका अगुवासंग गरिएको सबै सम्झौताले संघीयताको कुरालाई जोडदार रूपमा उठाएको छ । संघीयता सहितको सम्झौतालाई लिखित हस्ताक्षरका साथ स्वीकार गर्ने राजनीतिक दलहरू संविधान सभामा त्यसप्रति गम्भीर नहुनु, बिषय प्रसंगलाई मोडनु, बंग्याउनु, केही शक्तिलाई संघीयताको विरोधमा सडकमा उतार्नु तथा संविधान सभालाई निरूद्देश्य बनाई अन्त गर्नुलाई राजनीतिक दलहरूले संघीयता नचाहेको कुरा प्रष्ट हुँदैन ? सघीयता विरोधी साजिशपूर्ण अभियान संविधान सभाको स्थापना कालदेखि नै परिलक्षित भई रहेको थियो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको शासन पद्धति हुने सर्वमान्य सैद्धान्तिक अवधारणा अन्तरीम संविधानमा समावेश भई सकेपछिको दिनमा केही शक्ति संघीयताको विरोधमा सडक तताई रहँदा पनि व्यवस्था विरोधी भनेर कानूनको परिधीमा आउन सकेन । स्थापित व्यवस्थाको विरोध राज्यद्रोह हुने नेपाली कानून किन त्यसबेला मौन देखियो ? संघीयता विरोधी मानसिकतालाई मलजल पुर्‍याउने ती शक्तिको प्रदर्शन अनुकूल रहेकोले सिंगै राज्ययन्त्र सहर्ष मौन धारण गरेका थिए । त्यही बिजांकुर अहिले ठूलो वृक्ष बनाएर सबै राजनीतिक दलहरू आफनो उद्यानमा सजाएका छन् । संघीयतालाई कसैले विरोध गरेर र कसैले पक्ष लिएर यसलाई नौ डाँडा कटाएका थिए ।

सधैं राजनीतिक दलहरूमाथि हस्तक्षेप गरि रहने भनेर राजतन्त्रलाई हटाउने तीनै प्रमुख दलको स्वार्थ मिले पछि संविधान सभाको पहिलो बैठकबाट राजतन्त्रलाई हटाई यी त्रिदेव (नेपाली काँग्रेस, एमाले र माओवादी) राज्य संचालनको प्रमुख भूमिकामा आए । अब को छन् त भन्ने मदान्धतामा देशको राजनीतिलाई पनि बिर्से । अब तीनै दल तीनतिर फर्केको अवस्थामा देशका आगामी कार्यदिशा अवरूद्ध पारिएको छ वा यसरी भनूँ गतिरोधले सबैलाई राज्यपुनर्संरचनाबाट अलग पारि राहत प्रदान गरेकोले पनि यसको अनन्त रूप दिइएको हो । जे होला देखा जाला भनेर तम्सिएका दलहरू जय कि क्षय भन्ने शीतयुद्ध लडिरहेका छन् । देशको अन्धकारमय राजनीतिले कस्तो उज्यालो हेर्ने हो ।

गतांकको बाँकी...

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

राष्ट्रिय मुक्ति राजनीतिको आवश्यकताका लागि प्रचलित परिस्थिति अनुसार संघर्षका रूपहरू परिवर्तन गर्न सक्ने संगठन चाहिन्छ। यसका लागि एकीकृत नेतृत्वको संगठन चाहिन्छ। तर पार्टीको वा क्रान्तिको केन्द्रिय तहमा आफ्नो नेतृत्वको निकायमा निर्णय गर्ने हो भने अत्यन्त कम सहभागिता भएको अवस्था हुनेछ। क्रान्तिका वा पार्टीका साधारण सदस्यहरूले मुख्य नेताहरूको सीमित वा अस्तित्वहीन सहभागितामा निर्णय गरेमा अर्को चरम कुरा हुनेछ। त्यसैले संगठनात्मक सिद्धान्तका रूपमा सहभागितामुलक एकीकृत नेतृत्व सबैभन्दा उपयुक्त हुन्छ। राष्ट्रिय मुक्ति सामूहिक कार्य हो। सहभागितामुलक एकीकृत नेतृत्वले सामूहिक निर्णय र सामूहिक गतिविधिलाई बढावा दिन्छ; यसले विचारको स्वतन्त्रता र कार्यमा एकताको लागि अनुमति दिन्छ। समग्र भुमीकालाई ध्यानमा राख्दै राष्ट्रिय स्तरको रणनीति र स्थानीय संवेदनशीलताबीच कठिन सन्तुलन कायम गर्नुपर्ने हुन्छ। सम्पूर्ण महासभाको हैसियत समान हुन्छ भने फरक हुन्छ त खाली जिम्मेवारी, कार्यक्षेत्र र भुमीका। संगठनमा निर्णय सहभागीतामूलक एकीकृत नेतृत्व मोडेलमा हुनुपर्छ। त्यसको अर्थ बैठकमा निर्णय गर्यो र नेताहरुको काम सकिने भन्ने होइन। सहभागीतामूलक एकीकृत नेतृत्व मोडेलमा कार्यान्वयन हुने नहुने, कहिले हुने आदी बारे महासभा सदस्य होसियार हुनुपर्छ। पहलकदमीहरू भइरहनुपर्छ। जिम्मेवारी पाएकाहरुको कति सहभागिता देखाउछन त्यही आधारमा उसको नेतृत्वको विकास हुँदै जाने हो। तोकिएको वा स्वत: स्फुर्त गरिने सबै कार्यको व्यक्तिगत रुपमा विवरण राखिनु पर्छ ताकी उसको नेतृत्वको विकास एवं मुल्यांकन हुन् सकोस।

सामुहिक उद्देश्य प्राप्तिका लागि व्यक्ति अथवा समूहका क्रियाकलापलाई प्रभावित पार्ने कार्य यस मोडेलमा हुन्छ, यो एउटा अवसर पनि पनि हो। कुशल नेताले समूहको सोचाइ र मनोवृत्तिलाई आफ्नो अनुकूल गर्छ। उसले असल मानवीय सम्बन्ध विकास गरी समूहका सदस्यहरूबीच अन्तरक्रिया गर्न सुविधा पु-याउँछ। उसले अनुयायीहरूबीच स्वेच्छिक सहयोगात्मक र अनुशासित वातावरण कायम गर्छ। खास खास परिस्थितिमा सहकर्मी वा अनुयायीहरूले मुख्य नेताको तानाशाही व्यवहार पनि स्वीकार गर्छन् भने अर्को परिस्थितिमा सहभागिता नेतृत्वशैली मात्रै प्रभावकारी हुन सक्दछ। एउटै उद्देश्य हुनाले सो हासिल गर्नका लागि नेता र अनुयायीहरू बीचको कार्यगत सम्बन्ध निश्चित गर्नुपर्छ। औपचारिक ज्ञान नै धेरै महत्वको विषय हुन् सक्दैन, कहिल्यै कलेज नगएका राष्ट्रपति अब्राहम लिंकनले अमेरिकाको दास प्रथा उन्मूलन गर्न खेलेको नेतृत्वदायी भुमीका र मुस्किलले कलेज सकेका कलाकार राष्ट्रपति रोनाल्ड रेगनले शीतयुद्धको समाप्तिमा पाएका सफलताले राष्ट्रको प्रमुख कार्यकारी र विश्वविद्यालय शिक्षाबीच खासै तालमेल नभएकै पुष्टि हुन्छ। तर, कलेजको डिग्री नभए पनि स्वाध्ययनमार्फत् वकिलको हैसियत लिन पुगेका राष्ट्रपति लिंकनले झै नेतृत्वकर्ताले विभिन्न विषयको जानकारी भने राख्नैपर्ने हुन्छ।

(५) संगठनको स्पाइरल मोडेल

हामीले एकीकृत नेतृत्व मोडेलको कुरा गरिसकेका छौं। यस्तो मोडेलमा नेताहरुको श्रेणी महत्वपूर्ण कुरा हुँदैन। सक्रियता, प्रतिवद्धता, चेतना र स्वीकारोक्तिले स्वत: त्यो निर्धारित हुँदै जाने कुरा हो। यहिँ नेतृत्व मोडेलको आधारमा संगठनको स्पाइरल मोडेलको विकास गरिएको हो। हाम्रो आकाशगंगा (ग्यालेक्सी) देखि डीएनएसम्म सबै स्पाइरल छ, हामीले कल्पना गरेको देवताहरुको औरा सबै स्पाइरल गतिमा अगाडी बढिरहेको छ। विधुत शक्तिको उत्पादन पनि तारहरुको स्पाइरल वैरिंगले नै सम्भव भएको हो। यहाँ नेतृत्व (बिन्दु) एउटाबाट अर्को नेतृत्व (बिन्दु) हुँदै स्पाइरल मोडेलमा विकास हुँदै जान्छ। श्रेणीबद्धता हुँदैन तथा जिम्मेवारी एवं कार्यदिशा अनुरुपको गुणवत्ताको आधारमा पहिलो बिन्दुको नजिक वा टाढा भने हुन्छ। कुनै पनि बिन्दु जिम्मेवारी विहीन हुँदैन र प्रत्येक बिन्दुले आफ्नो जिम्मेवारी कुशलतापुर्वक सम्पन्न गर्न आफ्नो वरीपरी पनि स्पाइरल विकास गर्न सक्छ। स्पाइरल गतिशीलता बुझ्नाले हाम्रो टीमको व्यवहार बुझ्न मद्दत गर्नेछ, आपसमा थप अर्थपूर्ण सम्बन्ध बढाउन मद्दत गर्नेछ।

यस्तो संरचनामा जोडिन पहिले अर्को मार्फत जोडिएर एक चरणमा पार गर्नु पर्दछ त्यसपछि उक्त जोडाइ पहिलो बिन्दुसंग स्वत: कनेक्ट हुन्छ। यसको अर्थ कुनै भर्खरै जोडिएको व्यक्तिमा पनि आन्तरिकीकरण गर्ने क्षमता छ भने उ जुनसुकै जिम्मेवारी लिन वा पाउन सक्छन। यसले सहज प्रवृत्ति, जहाँ 'म' बाट 'हामी' मा परिणत गराइन्छ, जहाँ व्यक्तिगत अहम वा व्यक्तिवाद कम हुँदै जान्छ, बहुल राष्ट्र राज्यको निम्ति सद्भावना मुख्य कुरा हो जुन विकास यो मोडेलले गर्छ। जिज्ञासु स्वभाव छ भने, जो सुकैकोलागि स्पाइरल गतिशीलताको सांगठनिक संरचनामा सलग्न हुन् र सोच्न बाध्य हुनेछ। वास्तवमा प्रशिक्षित हुने, भुमीका खेल्ने र फलो-अप गर्ने अनि एक जना समर्थक भेटिए पनि उसले संगठन नै बनाउन पट्टि लाग्दैन बरु स्पाइरल चेनमा जोडन तर्फ लाग्छन। उक्त चेनमा सदस्य हुनु नै पद हो बांकी सबै जिम्मेवारी हुन् अर्थात् हामीले उक्त पद नामाकरण गरेको महासभा सदस्य चाही पद भयो बाकि अन्य जिम्मेवारी हो। जिम्मेवारी समय समयमा परिवर्तन हुन् पनि सक्छ, भैरहन्छ। तर पद केन्द्रीय संयोजक लगायत सबैको एउटै "महासभा सदस्य" नै हो। जिम्मेवारी पाएकाहरुले आफ्नो कार्यसम्पादन गर्नुका साथै महासभा सदस्यहरूलाई सुम्पेको कार्य गर्नमा उनीहरूलाई उत्साहित र आकर्षित गर्छ। महासभा सदस्यको चेन एक निरन्तर चलिरहने प्रकृया हो जसमा नेता र थप हुने अनुयायीहरूबीच नियमित सञ्चार आवश्यक हुन्छ। संगठनको स्पाइरल मोडेल भनेको निर्धारित लक्ष्यहरू हासिल गर्न जोडिन आउनेहरूलाई निरन्तर रूपमा निर्देशित गर्ने, मार्गदर्शन गर्ने र प्रभाव पार्ने प्रकृया हो। निर्णय जानकारी, कार्यान्व्यन प्रकृया तथा सुचना एवं निर्देशनहरु उपर पहुँचको ग्यारेन्टी महासभा सदस्यहरुलाई गरिनेछ, त्यस प्रकारको संयन्त्र रहने छ। महासभा सदस्यहरूलाई स्वदेशी आधारभूत ज्ञानको कोर्स अनिवार्य गरिने छ र त्यसपछि उनीहरु जनसमुदायको बीचमा गएर एक-अर्कासँग सक्रिय सम्पर्क कायम राख्नु पर्ने हुन्छ र आवश्यक राजनीतिक अपडेट दिइरहनु पर्छ। जनसमुदायको मानसिक स्थितिको अनुकूलको पर्चा, विज्ञापन र पोस्टर पनि उपलब्ध गराउनु पर्दछ।

(६) सांगठनिक संरचना एवं भुमीकामा हुने परिवर्तन

(क) त्रि-अंगी कार्यदिशाको आलोकमा सांगठनिक संरचनामा परिवर्तन

"अभियान-संघर्ष-विद्रोह" हाम्रो त्रि अंगी कार्ययोजना अन्तर्गत हाम्रो सांगठनिक मोडेल पनि तीन चरण पार गर्दछ। अभियानको चरणमा "ब्रम्हा" सांगठनिक संरचना, संघर्षको चरणमा "बिष्णु" सांगठनिक संरचना र विद्रोहको चरणमा "शंकर" सांगठनिक संरचना । ब्रह्मा सृष्ठीको प्रतिक हो, शुरुवातको प्रतिक हो, ज्ञानको श्रोतको प्रतिक हो। यस बखत ज्ञान महत्वपूर्ण कुरा हो, वेदको रचना वहाँ बाटै भएको मानिन्छ। उहाँको छेउमा ज्ञान कि देवी सरस्वती छिन । अर्थात अभियान चरणमा हामीले हाम्रो सिद्धान्त ज्ञानको तयारी र प्रचार गर्नु पर्दछ। यस चरणमा वैचारिक छलफल र प्रचारप्रसारको निकै महत्व छ। सांगठनिक संरचना पनि ब्रह्माको प्रकटीकरण झैँ हुनु पर्दछ अर्थात उस्तै देखिने तर फरक फरक शिर छ, हामीले चार तयारीका कुरा गरेका छौं, यस्ता तयारीका निम्ति निरन्तर नेतृत्व गर्नुहुने चार फरक फरक नेतृत्व हुन् सक्छन तर अनुहार एउटै अर्थात् अलग अलग व्यक्ति भएपनि फरक देखिनु भएन। राष्ट्रिय मुक्ति क्रान्ति नेपालको चार प्रभागको रुपमा विकास गर्न सक्छौं। चार हात चाहि कमाण्ड एवं अंगको प्रतिकको रुपमा लिन सक्छौं। ब्रह्मालाई, वहाँको ज्ञानलाई मान्ने सारा जग छ तर वहाँको परिवार वा फ्लोवर्स चाहि छानिएका मात्रै छन् अर्थात यस बखतको संगठनमा चनाखो पुर्वक संगठित गर्नु पर्दछ किनभने उनीहरु संस्थापक हुन्छन, नेतृत्व गरिरहेका हुन्छन।

बिष्णु निकै चलायमान हुन्छ। वहाँ अनेक अवतार लिएर हरेक स्थान, अन्याय अत्याचारको स्थल पुग्नु भएको छ। यो सक्रियताको प्रतिक हो, व्यापक संगठनको प्रतिक हो, सुदर्शन चक्र झैँ मजबुतिको प्रतिक हो। यस बखत निकै चलायमान हुनु महत्वपूर्ण कुरा हो। अनेक अवतार लिएर दुष्टहरुको संहार गरेको हुनाले, यो संघर्षको प्रतिक हो। उहाँको छेउमा धन कि देवी लक्ष्मी छिन। अर्थात संघर्षको चरणमा आर्थिक भौतिक तयारी महत्वपूर्ण कुरा हो र त्यसको व्यवस्थापन गर्नु पर्दछ। यस चरणमा अनेक अवतार र उनका अस्त्र झैँ अग्रदस्ता मजबुत हुनुपर्दछ। सांगठनिक संरचना पनि बिष्णुको प्रकटीकरण झैँ हुनु पर्दछ अर्थात फरक फरक देखिने तर आवश्यक भए मात्रै प्रकट हुने हजारौं शिर छ। यो भनेको के हो भने व्यापक संगठन छ, धेरै नेता छन्, अनेक मत पनि होलान तर सामान्य अवस्थामा बिष्णुको एउटा मात्रै शिर देखिए झैँ एक मत देखिन्छन तर भित्र भित्रै विराट स्वरूप भने हुन्छ। बिष्णुलाई, मान्ने सारा जगत छन, वहाँको फ्लोवर्स पनि निकै छन् अर्थात यसबखतको संगठन व्यापक गर्नु पर्दछ। हुन त ब्रह्माको जरामा पानि मुनि शेष नागको सैयामा बिष्णु नै विराजमान हुनुहुन्छ अर्थात अदृष्य रुपमा अभियानकै चरणमा संगठनको, संघर्षको सारा तयारी गरिसक्नु पर्दछ।

त्यसैगरी शंकरजीले तेस्रो आँखा खोलेपछि प्रलय हुने मानिन्छ। वहाँ अवतार न लिएर पनि प्रत्यक्ष हरेक स्थान, अन्याय अत्याचारको स्थल पुग्नुभएको छ। यो स्थानीय स्तरमा विकल्प सहितको विद्रोहको प्रतिक हो। वहाँको समर्थक देब, दानव, भुत, मानव सबै छन्। अर्थात विद्रोहको चरणमा सबै प्रकारका व्यक्तिहरु संगै हुन्छन, यहाँ संगठनको महत्व खासै हुन्न। जब शंकर नाटराजको रुप धारण गर्छ तब उथलपुथल हुन्छ, यो नै विद्रोहको असली प्रतिक हो। उहाँको छेउमा शक्ति कि देवी पार्वती छिन। अर्थात विद्रोहको चरणमा व्यापक शक्तिको परिचालन महत्वपूर्ण कुरा हो र त्यसको उत्सर्जन र व्यवस्थापन गर्नु पर्दछ। सांगठनिक संरचना पनि शंकरको प्रकटीकरण झैँ हुनु पर्दछ अर्थात फरक फरक भुत पिसाच समेत देखिने तर आवश्यक भए मात्रै प्रकट हुने हजारौं शिर छ, प्रलयकारी तेस्रो आँखा छ, उनको बसाइ सामान्य छ, सहज छ, उपलब्ध छ। यो भनेको के हो भने हरेक क्षेत्रमा सहजै विद्रोहको स्वरुपहरु देखुनु र हरेक क्षेत्रमा विद्रोह हुने अवस्था हो। कालकुट विष र शेषनाग घाँटीमा बेरिएको, उनले जटामा गंगालाई धारण गरे र उनले विश्व मुक्त गर्ने स्वरुप आफुमा अन्तर्निहित भएको बताए, अर्थात विद्रोहपछि राष्ट्रिय मुक्ति क्रान्ति नेपाल सफल हुने र गंगाको अवतरण भएपछी भागिरथको तपस्या सफल भए झैं अधिकार पहिचान, सभ्यता संस्कृति, सुशासन र समृद्धि उत्पीडित मधेशी, खस, आदिवासीको बर्षौको उत्पीडन समाप्त हुनेछ र स्वदेश प्राप्त गर्नेछन। हुन त शंकरको हरिहर रुपमा आधा बिष्णु र आधा शंकर भगवान देखाइएको छ अर्थात संघर्षको चरण बिस्तारै विद्रोहको रुप लिसकेको हुन्छ, विद्रोहको सारा तयारी संघर्षको चरणमै गरिसक्नु पर्दछ वा भैसकेको हुनेछ।

(ख) त्रि-अंगी कार्यदिशाको आलोकमा नेतृत्व संरचनामा परिवर्तन

केन्द्रिकृत नेतृत्व पनि तीन चरणमा तीन स्वरुपको विकास गर्छ। अभियान चरणमा शक्तिको सृजना हुन्छ, यस बखत नेतृत्व टीमले परख गर्ने शक्ति, निर्णय गर्ने शक्ति, सहयोग शक्तिको विकास गर्न सक्नु पर्दछ, संघर्ष चरणमा शक्तिको विस्तार हुन्छ, यस बखत नेतृत्व टीमले समेटन सक्ने शक्ति, बिस्तार गर्न सक्ने शक्ति, विस्तारलाई संकीर्ण गर्न सक्ने शक्तिको विकास गर्न सक्नुपर्छ,र विद्रोहको चरणमा शक्तिको प्रभाव हुन्छ, यस बखत नेतृत्व टीमले सामना गर्ने शक्ति र सहन गर्न सक्ने शक्तिको विकास गर्न सक्नुपर्छ।

(ग) त्रि-अंगी कार्यदिशाको आलोकमा अग्रदस्ताको भुमीकामा परिवर्तन

अग्रदस्ता पनि तीन चरणमा तीन स्वरुपको विकास गर्छ। हाम्रो कार्ययोजना अन्तर्गत अभियान चरणमा शक्तिको संचय हुन्छ। अभियान चरणमा अभिमतको विस्तारबाट तयार भएको सफ्ट पावरबाट अग्रादस्ता निर्माण गर्दै जाने, र अग्रदस्तालाई वैचारिक-शारीरिक प्रशिक्षण दिएर अग्रदस्ताको संगठन निर्माण गर्ने। यो चरण अग्रदस्ताको निम्ति निर्माणको चरण भएकोले यस बखतलाई संचयको बखतको रुपमा बुझ्नु पर्दछ।

संघर्षको चरणमा अग्रदस्ताले यस्तो परिस्थिति निर्माण गर्नु पर्दछ कि सामाजिक जीवनमा, क्रियाकलापमा राज्यको प्रभाव र क्षमता घट्दै गएको होस् र अग्रदस्ताहरुको संरचना(वाईआइएल, राष्ट्रिय मुक्ति बाहिनी, संघर्ष समिति, शान्ति सेना लगायत) सामाजिक जीवनको अभिन्न अंग बन्दै जाओस अर्थात यो बखत शक्तिको सन्तुलन रहने अवस्था हो।

विद्रोहको चरणमा अग्रद्स्ताले यस्तो परिस्थितिको निर्माण गर्न पुग्दछ कि त्यस बखत समुदाय स्वयं आ आफ्नो ग्राम स्वराज, राष्ट्रहरु आआफ्नो गणराज्य र सबै राष्ट्रहरु मिलेर बहुल राष्ट्र राज्य दाबी गर्ने परिस्थिति निर्माण हुन् पुग्दछ। यस बखत अग्रदस्ताकै समन्वय एवं अगुवाइमा जनता आफैं आफ्नो सत्ता तथा राजत्वको वैधानिक ढंगबाट स्वामित्व लिने अवस्थामा पुग्छन अर्थात यो बखत शक्तिको प्रभुत्वको कारण स्वामित्व लिनुपर्ने अवस्था बन्दछ।

(७) संघर्षको निम्ति संगठन

राष्ट्रिय मुक्ति क्रान्ति नेपाल संघर्षको निम्ति हरपल तयार रहनु पर्दछ। अभियान संघर्ष विद्रोहको दिशामा अगाडी बढिरहँदा यस्तो कुनै समय हुन सक्दैन, जुनबेला क्रान्तिको संगठनले संघर्ष गर्न नसकोस्। प्रत्येक राजनीतिक र आर्थिक परिस्थितिको एवम् यी परिस्थितिहरूमा पैदा हुने सबै मौकाहरूको प्रयोग गर्ने उद्देश्यबाट सांगठनिक रणनीति र रणकौशल विकसित गरिनु पर्दछ। पार्टी चाहे जतिसुकै कमजोर किन नहोस्, तर पनि त्यसले सुव्यवस्थित ढंगले चलाईने र कुशलता पूर्वक संगठित परिवर्तनवादी प्रचारद्वारा उत्तेजनात्मक राजनीतिक घटनाहरू वा समुच्च अर्थतन्त्रलाई प्रभावित गर्ने व्यापक आन्दोलन विद्रोहहरूको लाभ उठाउन सक्छ। एक पटक यदि राष्ट्रिय मुक्ति क्रान्ति नेपाल ले कुनै परिस्थिति-विशेषको प्रयोग गर्ने फैसला लियो भने उसले आफ्ना सबै महासभा सदस्यहरू र संगठन इकाईहरूको ऊर्जा यस अभियानमा केन्द्रित गरिदिनु पर्दछ।

हाम्रो विचार प्राकृत छ, नेपालको माटो अनुकुल छ यद्दपी हाम्रो विचार र थालनी गरेको क्रान्तिमा व्यापक आम सहमतिको आवश्यकता छ। यसले गर्दा सफ्ट पावर वृद्धि हुनेछ। सफ्ट पावर प्राप्त गर्नको निम्ति केही संरचनाहरु यस्तो पनि कल्पना गर्नु पर्दछ जहाँ यसका सदस्यहरू कुनै पनि कानूनी पार्टीसँग सम्बद्ध हुन सक्छन् वा सरकारी कर्मचारी पनि हुन् सक्छ तर उनीहरूको आफ्नै ठाउँबाट क्रान्तिको निम्ति काम गर्न सकोस।

सफ्ट पावर वृद्धि गर्ने खालका कार्यक्रम र सोही अनुरुपको संगठन

नेपालमा रहेका राजनैतिक शक्तिहरु कि त उदारवादी छन् कि त मार्क्सवादी। यी दुबैको विकल्पमा विश्वभरी नै अहिले इन्डीजिनिज्मको बहस चलिरहेको छ। स्वदेशी ज्ञान र तर्कहरुको जगमा वैचारिक तयारी गर्दै प्रचारको सामाग्रीहरु; पुस्तक, पम्पलेट, लिफ्लेट, जर्नल प्रकाशन लगायत डिजिटल सामग्री उत्पादन र प्रशारण गर्ने, वेब साइट तथा एप्सहहरुको निर्माण, अनलाईन न्युज पोर्टलहरु संचालन, एनजीओ, आइएनजीओ, सिबिओ तथा सिजीहरुसंग सम्वाद तथा सहकार्य गर्ने, त्यसैगरी प्रमुख सम्पादक तथा संचारकर्मीहरुसंग, बौद्धिक तथा बुद्धिजिविहरुसंग, विदेशी कुटनीतिक नियोगका अधिकारीहरुसंग, राष्ट्रिय अन्तराष्ट्रिय अधिकारवादी संघ संस्थाहरुसंग, व्यवसायीहरुसंग, जातीय संस्थाहरुसंग एवं सभ्यता, संस्कृतिजन्य संस्था, सामाजिक-धार्मिक संस्था तथा अभियानहरुसंग सम्वाद तथा सहकार्य गर्ने खालको खासगरी आम सहमति विस्तार हुन् सक्ने गरी कार्यक्रमहरु निरन्तर गरिरहनु पर्छ। राष्ट्रीय मुक्ति क्रान्तिका-वक्ताहरूले यो कुराको पूर्ण कोशिस गर्नुपर्दछ कि उनीहरूले आम जनताहरू लगायत सबैलाई के विश्वास दिलाउनु पर्दछ भने केवल पूर्वीय सभ्यतामा स्वदेशवादले मात्र उनीहरूको संघर्षलाई सफलताको मुकामसम्म पुर्याउन सक्दछ। यस्तो कार्य निरन्तर गरिरहनु पर्दछ। यस प्रकारको कार्य गर्न राष्ट्रिय मुक्ति क्रान्ति नेपालको सम्पूर्ण महासभा सदस्यको जिम्मेवारी हुनेछ यद्दपी सहयोगी संस्थाको रुपमा मुख्य रुपमा समान नेपाल, गजेन्द्रनारायण सिंह अध्यन केन्द्र, ज्ञान दबु लगायतका संस्थाहरु परिचालित गरिने छ। मिडिया तथा प्रचार प्रसार एवं प्रकाशन विभाग, विभिन्न भातृ संगठन, राष्ट्रिय परिषदहरु यस कार्यको निम्ति क्रियाशील हुने मुख्य संस्था हुन्।

साथै आन्तरिक संगठनलाई वैचारिक रुपमा सुदृढिकरणको निम्ति प्रशिक्षण तथा आवश्यक साहित्य निर्माण एवं अध्यन अनिवार्य गर्नु पर्दछ। राष्ट्रिय मुक्ति क्रान्ति नेपाल का महासभा सदस्यहरुको भेला एवं प्रशिक्षण, अभिमुखीकरण कमाण्ड एवं ब्युरो तहमा निरन्तर गरिनु पर्दछ। महासभा सदस्यहरुको निम्ति स्वदेशी आधारभूत ज्ञानको कोर्स अनिवार्य गरिने छ। यस प्रकारको कार्य गर्न राष्ट्रिय मुक्ति क्रान्ति नेपालको मुख्य रुपमा स्कुल विभाग, विचार एवं योजना प्रभाग, संगठन प्रभाग लगायतका प्रभाग एवं विभागहरु निश्चित हुनेछ।

हार्ड पावार वृद्धि गर्ने खालका कार्यक्रम एवं सोही अनुरुपको संगठन

क) आर्थिक पावार वृद्धि योजना एवं

*बाँकी पृष्ठ ६ मा*

# मधेशलाई छाडेकै कारण मधेशी जनताले पनि माओवादीलाई छाडेको हो



**जगत यादव**

**संयोजक, मधेशी राष्ट्रिय मुक्ति मोर्चा (माओवादी)**

**० खारेजीको अवस्थामा पुगेको मधेशी राष्ट्रिय मुक्ति मोर्चालाई पुनः सक्रिय गराउनुपर्ने आवश्यकता किन पर्‍यो ?**

– मधेशमाथि रहेको विभेदलाई अन्त्य गर्न माओवादी जनयुद्धकै क्रममा मधेश राष्ट्रिय मुक्ति मोर्चा गठन भएको थियो । यो मोर्चाले मधेशमा मात्र होइन, देशभरमै आफ्नो पहिचान स्थापित गरेको थियो । यो मोर्चाबाट मात्र जनयुद्धको क्रममा १३ सय जनाले बलिदान दिएका छन् ।

मोर्चाले मधेशी जनताको हितमा, उत्पीडित जनताको पक्षमा आवाज उठाइरहेको थियो । मधेशमा माओवादीलाई बलियो बनाउने काम नै मोर्चाले गरेको थियो । मधेशमा माओवादीलाई यही मोर्चाकै माध्यमबाट चिनेको थियो । त्यो कुरा पार्टीभित्रै कतिपय मान्छेलाई पचेन ।

मधेशी जनताले पनि आफ्नो अधिकार पाओस्, आफ्नो पहिचान पाओस् भनी लड्ने मोर्चा पार्टीभित्रकै कतिपय नेतालाई मन परेको थिएन । माओवादी शान्ति प्रक्रियामा आएको केही दिनमै यसलाई निष्क्रिय बनाउने काम उनीहरूले गर्न थालेका थिए ।

मोर्चाको गतिविधिमाथि नै ब्रेक लगाइयो । त्यसैको नतिजा हो मधेशमा माओवादीले राम्रो नतिजा ल्याउन सकेन ।

मधेशमा माओवादीको संगठन बनाउन निकै प्रयासहरू भए । विभिन्न बैठकहरू बसे । नेताहरूले मधेश दौडाहा गरे । जे गर्दा पनि मधेशमा माओवादी नजागेपछि मात्र मोर्चाको सम्झना ती नेताहरूलाई आएको थियो ।

मधेशमा माओवादीलाई बलियो बनाउनु छ भने मोर्चा चाहिन्छ भनी निष्कर्षमा पुगेर नै यसअघिको केन्द्रीय समिति बैठकले मोर्चालाई पुनः सक्रिय गरेको हो । मातृका यादवलाई इन्चार्ज र मलाई संयोजकको जिम्मेवारी दिएर मोर्चालाई सक्रिय गरेपछि अहिले मधेशमा माओवादीको राम्रो हुँदै गइरहेको छ । मोर्चाले जिल्ला भेलाहरू गरेर संगठित गर्ने काम गरेको छ । अरू थप कार्यक्रमको तयारी चलिरहेको छ ।

**० तपाईंले मोर्चाको गतिविधिमा ब्रेक लगाउने कुरा गर्नुभयो । त्यो पार्टीको शीर्ष नेतृत्वबाट भएको थियो कि कुनै गुट वा उपगुटबाट ?**

– मुख्य रूपमा हामीले देखाउने पार्टीलाई नै हो । माओवादीका अध्यक्ष प्रचण्ड मोर्चाप्रति सकारात्मक भए पनि शान्ति प्रक्रियामा आइसकेपछि मोर्चालाई किन ओझेलमा राख्यो ? त्यसको भूमिका र गतिविधिमा किन ब्रेक लगायो ? यो प्रश्न छ नै । यसको जवाफ पार्टीले नै दिनुपर्छ ।

मोर्चाप्रति माओवादी अध्यक्ष प्रचण्ड सकारात्मक भए पनि उहाँ कसको प्रभावमा परेर मोर्चाको गतिविधि गर्न दिनुभएन ? भेलाहरू गर्न दिनुभएन ? त्यो प्रश्न अझै कायमै छ । हामीले मोर्चालाई सक्रिय बनाउन थुप्रै संघर्ष गर्‍यौं । पार्टीमा थुप्रै पटक कुरा उठायौं । माओवादी अध्यक्ष प्रचण्ड कन्भिन्स भएपछि यो पुनः संगठित रूपमा अगाडि बढेको छ ।

**० प्रचण्डले कसको इसारामा मोर्चालाई ब्रेक लगाएको भन्ने लाग्छ ?**

– माओवादी शान्ति प्रक्रियामा आइसकेपछि थुप्रै पार्टीसँग एकीकरण भयो । थुप्रै सानातिना पार्टी यसमा मिसिए । थुप्रै नेता यस पार्टीमा सहभागी भए । जुन पार्टी माओवादीमा आयो, जुन नेता आउनुभयो सेकन्ड लिडरसिपको रूपमा ती नेता र पार्टीलाई मधेश मन परेको थिएन । मधेशमा मोर्चा सक्रिय भएको उहाँहरूलाई मन परेको थिएन । पहाडी अहंकारवादको सोचले ग्रसित भएकाले मोर्चा, मधेशी जनता उहाँहरूलाई अपच भएको थियो । त्यही कारण उहाँहरूले प्रचण्डलाई पनि घेराबन्दी गरेर मोर्चाको गतिविधि हुन दिनुभएन । तर, हाम्रो संघर्ष जारी रहेको कारण प्रचण्ड आफैं सकारात्मक भएपछि यसलाई पुनः जीवित गर्नुभएको छ र अहिले अगाडि बढेको छ ।

**० मधेशमा अहिले जुन गुटको कुरा चलिरहेको छ त्यसमध्ये तपाईंको इसारा नारायणकाजी श्रेष्ठतिर त होइन ? उनले मोर्चालाई कमजोर गराएका हुन् र ?**

– एकदमै हो । अहिले पनि मधेशप्रति उहाँहरूको सोच सकारात्मक हुन सकेको छैन । तैपनि हामी आन्तरिक संघर्ष गर्दै छौं । उहाँहरूलाई पनि मधेशको बारेमा बुझाउने प्रयासमा लागेका छौं । जनयुद्धको पृष्ठभूमिबाट आउनुभएका कमरेडहरूमा त्यो समस्या छैन । उहाँहरूले मधेशलाई राम्रोसँग बुझ्नुभएको छ । मधेशका पीडा अनुभव पनि गर्नुभएको छ । तर, शान्ति प्रक्रियापछि पार्टीमा आएका कमरेडहरूले मधेशलाई बुझ्न सक्नुभएको छैन । त्यही भएर मोर्चालाई अगाडि बढाउन चुनौतीहरू देखिएका छन् ।

**० तपाईंले भनेको गुटलाई मिलाउन सक्नुभएन भने मोर्चालाई कसरी चलाउनुहुन्छ ? मधेशमा कसरी संगठित गर्नुहुन्छ ? त्यसको बारेमा के सोचाइ छ ?**

– हामीले उहाँहरूलाई मिलाउनु भन्दा पनि उहाँहरूको सोच मधेश र मधेशी जनताप्रति के छ ? त्यो कुरा स्पष्ट हुनुपर्छ । हाम्रो पार्टीले पहिचान सहितको संघीयता भनेको छ । मधेशले पहिचान पाएको छ । तर, मधेशका आठ जिल्लाबाहेक अरू पनि मधेश छन् । अन्य जिल्लाहरू पनि छन् । त्यहाँका जनताले अझै पहिचान पाएको छैन ।

हाम्रो पार्टीको एजेन्डा पहिचान सहितको संघीयता हो भने समग्र मधेश एक प्रदेश किन हुन सक्दैन ? हरेक मधेशीले पहिचानको अधिकार पाउनुपर्छ भनी पार्टी किन लाग्दैन ?

अहिले पनि मधेशी जनतामाथि विभेद छ । आम मधेशी जनताको भ्यालू यो देशमा समान छैन । मधेशमा दुई लाखमा एउटा सांसद हुने, पहाडबाट दुई हजारमा एउटा सांसद हुने । संसद्मा आइसकेपछि दुई लाखवाला सांसदको भ्यालू जति हुन्छ त्यति नै भ्यालू दुई हजारवाला सांसदको हुन्छ । यो विभेद हो कि होइन ?

यो विभेद हटाउन पनि पार्टीले संघर्ष गर्नुपर्छ । सबै जनताले समान रूपमा पहिचान र अधिकार पाउनुपर्छ ।

माओवादीका सबै नेता यसमा सहमत हुनुपर्छ । कुनै पनि जात, समुदाय, वर्गमाथि विभेद हुनुहुँदैन ।

**० यो मोर्चाले मधेश प्रदेशमा मात्र काम गर्छ कि तराई/मधेशका २२ जिल्लामा ?**

– मोर्चाको एजेन्डा नै समग्र मधेश, एक प्रदेश बनाउने हो । मोर्चा मधेशका २२ वटै जिल्लालाई पहिचान सहितको एउटै प्रदेश बनाउने अभियानमा लागेको छ । पार्टीले अधिकारको लागि संघर्ष गर्न मोर्चालाई स्वायत्त छाडेको छ । मोर्चा आफ्नो अभियानमा अगाडि बढिसकेको छ ।

प्रमुख दुई सत्ताधारी दल कांग्रेस र एमालेले गर्ने भनेको संविधान संशोधनको विषयमा पनि आन्दोलन आरम्भ गरिसकेको छ । समानुपातिक निर्वाचन प्रणाली समाप्त गर्ने, थ्रेसहोल्ड बढाएर साना दलहरूलाई समाप्त गरेर दुई पार्टी सिस्टम जाने जुन षड्यन्त्रमा लागेको छ त्यसविरुद्ध मोर्चाले संघर्ष सुरु गरिसकेको छ । मधेशका तीन-चारवटा जिल्लामा खबरदारी सभाको आयोजना गरिसकेको छ । अरू जिल्लामा खबरदारीसभा गर्ने तयारी भइरहेको छ ।

**० मधेशमा पछिल्लो समय माओवादी कमजोर भएको छ । अहिले आएर मोर्चा पुनर्गठन गर्दा अब कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

– मधेशको मुद्दा छाडेपछि, मधेशको मुद्दा गौण गरेपछि समाप्त हुने स्थिति आउँछ भनी माओवादी मधेशमा कमजोर हुनु पछिल्लो उदाहरण हो । मलाई यो भन्नमा कुनै झिझ्काहट छैन कि पछिल्लो समय माओवादीले मधेशका मुद्दा छाडिसकेको थियो । मधेशतिर कुनै ध्यान नै दिएको थिएन । मधेशी जनतामाथि भइरहेको विभेद र दमनमाथि बोल्न पनि पार्टीले छाडेको थियो ।

मधेशको अधिकार र पहिचानको बारेमा सुरुमा माओवादीले आवाज उठाएको कारण मधेशी जनताले यो अधिकार पाएको हो । मधेशी जनतामा जागरुकता आएको हो । जनयुद्धकालमा मोर्चाको आह्वानमा लाखौं मधेशी जनताले माओवादीलाई सहयोग गरेका थिए । लाल मधेश भइसकेको थियो । त्यो क्रममा १३ सयभन्दा बढी मधेशीले सहादत दिएका थिए ।

जब-जब मधेशको मुद्दा छाड्यो त्यसपछि माओवादी कमजोर हुँदै गयो । मधेशलाई छाडेकै कारण मधेशी जनताले पनि माओवादीलाई छाडेको हो । तर, अब यो अवस्था रहने छैन । मधेशमा पुनः माओवादी सक्रिय भएको छ । मोर्चा सक्रिय भएको छ । अब मधेशमा पनि माओवादी पुरानै अवस्थामा फर्किनेछ । यसका लागि कामहरू भइरहेका छन् । पुनर्गठन तथा कार्यविभाजनका कामहरू भइरहेका छन् । केही दिनमै यसका परिणामहरू देख्नुहुन्छ ।

**० तपाईंलाई माओवादीमा मधेश छाड्ने वा कमजोर हुनुको कारण के हो भन्ने लाग्छ ?**

– माओवादीले पछिल्लो समय मधेशमा जसलाई लिडरसिप दियो त्यो नेता नै मधेशप्रति सकारात्मक हुनुहुन्थेन । माओवादीले जसलाई मधेश सुम्पेको थियो त्यो नै सकारात्मक नभएपछि स्वाभाविक रूपमा कमजोर हुन्छ । अर्कोतिर माओवादी दलले नै मधेशको मुद्दा छाडेको थियो । यी दुइटा मुख्य कारण हो, जसले मधेशमा माओवादीलाई कमजोर बनाए ।

**० मधेशमा माओवादीभित्र गुटबन्दी पनि देखियो । एउटा गुटको नेतृत्व तपाईंले पनि गर्नुभएको थियो । त्यो कमजोरी हो कि होइन ?**

– जहाँ विचार मिल्दैन त्यहाँ निश्चित रूपमा वैचारिक संघर्ष हुन्छ । गुटबन्दी हुन्छ । जुन कमरेडको मधेशप्रतिको सोच सकारात्मक छैन त्यसविरुद्ध अन्तरसंघर्ष हुनु स्वाभाविक हो । विचार नमिलेपछि दुइटा टिम, दुइटा समूह देखिन्छ । अब मधेशप्रतिको दृष्टिकोण स्पष्ट गरेको छ । अब ती सबै गुट, उपगुट आफैं समाप्त भएर जान्छ ।

**० माओवादीभित्र अहिले पनि मधेशको अवस्था, मधेशको विवाद कायमै छ । यो कति दिनसम्म रहन्छ ?**

– यो केन्द्रीय समिति बैठकपछि मधेशका सबै समस्या समाधान हुन्छ । मधेशको इन्चार्ज मातृका यादवलाई बनायो भने निश्चित रूपमा माओवादीको लहर आउँछ । ८४ को चुनावमा मधेशले माओवादीलाई पूर्ण बहुमत दिन्छ । माओवादीमा मातृका बिनाको मधेश अधुरो हुन्छ ।

**० यो केन्द्रीय समिति बैठकले मधेशको बारेमा के निर्णय गरेको छ ?**

– यो बैठकले माघको पहिलो हप्तासम्म मधेशमा जिम्मेवारी बाँडफाँट हुन्छ । कार्यविभाजन हुन्छ भनेको छ । यो म्यान्डेट कार्यालय टिमले लिएको छ । कार्यालयले मधेशको समस्या समाधान हुने गरी चाँडै कार्यविभाजन गरेर पठाउँछ भनी हामीलाई विश्वास छ । फागुन १ गतेदेखि जनतासँग माओवादी मूल नाराका साथ हुलाकी राजमार्ग अभियान सञ्चालन हुने निर्णय भएको छ । यो अभियान सफल भएपछि मधेश माओवादीमय हुन्छ । त्यसको तयारीमा मोर्चा जुटिसकेको छ । -रातोपाटीबाट

# मधेशी एकता समाजद्वारा दुबईमा नयाँ वर्ष मनाउँदै गर्‍यो नयाँ कार्यसमितिको घोषणा

दुबई । मधेशी एकता समाजले नव वर्ष २०२५ को अवसरमा दुबईस्थित जबील पार्कमा भव्य कार्यक्रमको आयोजना गरी एकता, परम्परा र सामूहिक प्रगतिलाई थप सुदृढ बनाएको छ ।

उक्त कार्यक्रममा मधेशी समुदायका व्यवसायी, मजदुर, विद्यार्थी, पेशाकर्मी तथा विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

सांस्कृतिक प्रस्तुतिहरू, सम्मान कार्यक्रम, स्वादिष्ट परिकार र नयाँ कार्यसमितिको घोषणा गरिएसँगै कार्यक्रमले मधेशी पहिचान र एकताको आवश्यकता झल्काएको थियो ।

कार्यक्रमलाई गरिमामय बनाउन विशिष्ट अतिथिहरूको सहभागिता रहेको थियो ।

मधेशी एकता समाज का संस्थापक अन्तर्राष्ट्रिय संयोजक डा. रविन्द्र कुमार यादव, गैर-आवासीय नेपाली संघ, यूएईका महासचिव भुवन प्रसाद वाग्ले, नेपाली समाज युएईका अध्यक्ष बेद प्रसाद अर्याल र महासचिव केदार कुँवर र नेपाल मुस्लिम संघका महासचिव अफजल हुसैन (गुलजार) सहभागी थिए । यसैगरी, मधेशी समुदायका प्रतिष्ठित व्यवसायीहरू आइडियल स्टडी कन्सल्टेन्सीका संस्थापक कबिन्द्र यादव, मेटल क्राफ्ट स्टील इन्डस्ट्रिजका सञ्चालक बिनेश यादव, जनकपुर ट्राभल एण्ड टुरिज्मका मालिक गणेश पुर्बे, साथै, समुदायका अन्य मजदुर, पेशाकर्मी, विद्यार्थी र सदस्यहरूको उत्साहजनक सहभागिता देख्न पाइयो । कार्यक्रममा विशिष्ट व्यक्तिहरूलाई सम्मान गर्दै सामुदायिक योगदानको कदर गरिएको थियो ।

डॉ. रविन्द्र यादवलाई नेपाली समाज यूएईका अध्यक्ष बेद प्रसाद अर्याल र महासचिव केदार कुँवरले युएईमा रहेका नेपाली समुदायको सेवामा समर्पित भई पुर्याएको योगदानका लागि "टोकन अफ लभ" प्रदान गरेका थिए ।



अफजल हुसैन (गुलजार)लाई नेपाल मुस्लिम संघको महासचिवका रूपमा सहयोग र समर्थनका लागि सम्मान गरियो। प्रतिष्ठित व्यवसायीहरू कबिन्द्र यादव, बिनेश यादव, र गणेश पुर्बेलाई परम्परागत "गम्छा" प्रदान गर्दै उहाँहरूको सामुदायिक योगदानको प्रशंसा गरियो।

बाहिरिंदै गरेका अध्यक्ष धर्मेन्द्र गोहीवारलाई सफल कार्यकालका लागि हार्दिक धन्यवाद व्यक्त गरिएको थियो ।

डॉ. रविन्द्र यादवले मधेशी एकता समाजको स्थापनाको उद्देश्य, इतिहास र उपलब्धिहरूको चर्चा गर्दै मधेशी समुदायलाई राजनीतिक विभाजनभन्दा माथि उठेर एकताबद्ध रहन आह्वान गरेका थिए । उनको सम्बोधनले सबैमा ऊर्जा र आत्मविश्वास थपेको थियो ।

नयाँ कार्यसमितिको घोषणा

कार्यक्रममा २०२५ का लागि नयाँ कार्यसमितिको घोषणा गरिएको थियो। नव निर्वाचित सदस्यहरू निम्न प्रकार छन्:

अध्यक्ष: रोशन मार्क्सिस्ट
महासचिव: सुरेश यादव
सह-अध्यक्ष तथा प्रवक्ता: शैलेन्द्र राय
सह-अध्यक्ष: राम साह
सह अध्यक्ष: सागिर साफी
उपाध्यक्ष: डा फरहान सिद्दिकी
उपाध्यक्ष: डा रविकान्त साह
उपाध्यक्ष: नैना देव
उपाध्यक्ष: डा मो. इमरान
उपाध्यक्ष: मनोज यादव
उपाध्यक्ष: अजित झा
उपाध्यक्ष: विमल साह
उपाध्यक्ष: रामहरि यादव
उपाध्यक्ष: मनिष कर्न
उपाध्यक्ष: रामपुकार यादव
उपाध्यक्ष: धर्मेन्द्र मण्डल
उपाध्यक्ष: गणेश पूर्बे
उपाध्यक्ष: दीपक यादव
उपाध्यक्ष: मनोहर साह
उपाध्यक्ष: गोविन्द साह
कोषाध्यक्ष: ऋब प्रदीप साह
युवा कोर्डिनेटर: आदित्य अटल
आईटी कोर्डिनेटर: कृष्ण कुमार साह
सांस्कृतिक कोर्डिनेटर: भोला पासवान
सह सचिव: दीपेन्द्र साहनी
मधेशी व्यवसाय परिषद् संयोजक: कबिन्द्र यादव

बाँकी सदस्यहरूको नाम र जिम्मेवारी निकट भविष्यमा सार्वजनिक गरिने जनाइएको छ ।

सांस्कृतिक प्रस्तुति र मनोरञ्जन

सांस्कृतिक कार्यक्रम भोलाराम पासवानको संयोजनमा सम्पन्न भयो। उहाँले विभिन्न सुमधुर गीत प्रस्तुत गर्नुका साथै रमाइला चुट्किलाहरू सुनाएर सहभागीहरूलाई मनोरञ्जन गराएका थिए ।

कार्यक्रम सञ्चालन रोशन मार्क्सिस्टले गरेका थिए भने सह-प्रस्तुति शैलेन्द्र रायले गरे ।

मधेशी परिकारको स्वादिष्ट भोजन

कार्यक्रममा बिहान ११ बजे स्वादिष्ट नास्ता र दिउँसो २ बजे परम्परागत मधेशी परिकारको भोजन गराइयो। खाना नेपाली सयपत्री रेस्टुरेन्टले तयार गरेको थियो। सामुदायिक स्वाद र गुणस्तरका लागि यस रेस्टुरेन्टले सबैको प्रशंसा पायो।

भविष्यका योजना र दृष्य

नयाँ कार्यसमितिले २०२५ का लागि आफ्नो प्राथमिकताहरू घोषणा गर्दै मधेशी समुदायको हित, सांस्कृतिक संरक्षण, र विश्वव्यापी मधेशी एकताको सुदृढीकरणका लागि प्रतिबद्धता जनाएको छ ।

## जसपा नेपालको 'पार्टी स्कूल तथा प्रशिक्षण विभाग'को प्रमुखमा मण्डल

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल "पार्टी स्कुल तथा प्रशिक्षण विभाग"को प्रथम बैठकले कार्यविभाजन गरेको छ ।

जसपा नेपालका सचिव एवं मधेश प्रदेशका पूर्वमन्त्री सुरेश मण्डललाई विभागको प्रमुख बनाइएको छ भने उप-प्रमुख सांसद अम्बिका काफ्ले र सचिवमा चन्देश्वर सदालाई चयन गरेको हो ।

विभागको अर्को बैठक मंगलबार बिहान ११:०० बजे केन्द्रीय कार्यालय बालकुमारीमा बस्ने निर्णय गरेको छ । साथै, भोलिको बैठकले कसरी अगाडी बढ्ने भन्ने कार्यदिशा तय गर्ने विभागका प्रमुख मण्डलले जनाएका छन् ।

## रूसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन आवश्यक पहल गरिने : श्रममन्त्री भण्डारी



काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले रुसका लागि छिट्टै श्रम स्वीकृति खुलाउन आवश्यक पहल गर्ने बताएका छन् ।

गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसीसूग शुक्रबार भएको विशेष भेटमा मन्त्री भण्डारीले उक्त प्रतिबद्धता जनाएका हुन् । 'यस सम्बन्धमा खासै धेरै समस्या छैन, परराष्ट्र मन्त्रालयसूग समन्वय गरी छिट्टै श्रम स्वीकृति खुला गर्छौं,' उनले भने ।

उक्त भेटमा संघको तर्फबाट अध्यक्ष डा केसीले तत्कालीन अवस्थालाई ध्यानमा राखी नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णयमा पुनरावलोकनका लागि पहल गरिदिई वर्षौंदेखि विभिन्न रोजगार, पेशा, व्यवसाय एवं उच्च शिक्षा अध्ययन गर्न रसियामा बसिरहेका हजारौं नेपालीहरुका लागि सहज रुपमा आवतजावतका लागि श्रम स्वीकृति एवं नवीकरण कार्यलाई तत्काल सुचारु गरिदिन अनुरोध गरेका थिए ।

वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम स्वीकृति प्रदान गर्दा युद्धरत देश रुसमा सेनामा सहभागी हुन सक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुन सक्ने मानवीय जोखिम रहेको भन्दै एक वर्षअघि (२०८० पुस १९ मा) वैदेशिक रोजगार विभागले रुसका लागि श्रम स्वीकृति दिन रोकेको थियो । यस्तै भेटका क्रममा अध्यक्ष डा केसीले इराकको कुर्दिस्तानमा रहेका नेपालीका समस्याबारे जानकारी गराउूदै तत्काल समस्या समाधानका लागि पहल गर्न अनुरोध गरे ।

उनले भने, 'ठूलो संख्यामा नेपालीहरु विभिन्न पेशा तथा व्यवसायमा संलग्न रहेका छन् ती नेपालीहरुलाई पासपोर्ट नविकरण तथा नेपाली दूतावासबाट प्राप्त गर्ने सुविधा लिनको लागि कुवेतस्थित नेपाली दूतावास तोकिएको छ, जुन त्यति सहज नभएको गुनासो आउने गरेको छ, उक्त सुविधा कतार तथा युएईको नेपाली दुतावासबाट पाउने गरी व्यवस्था गरिदिनु हुन पनि म अनुरोध गर्छु।¼ जवाफमा मन्त्री भण्डारीले उक्त विषयमा परराष्ट्र मन्त्रालयमार्फत समन्वय गर्ने उल्लेख गरे ।

सो अवसरमा अध्यक्ष डा केसीले वैदेशिक रोजगारीमा रहेकालाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन गैरआवासीय नेपाली संघसूंग संयुक्त र सामुहिक कार्यक्रमको तर्जुमा गर्नको लागि आग्रह समेत गरे । जवाफमा मन्त्री भण्डारीले बढी भन्दा बढी श्रमिक तथा स्वरोजगारकर्तालाई कोषमा आबद्ध गर्न सरकारले परिमार्जनसहितको योजना बनाइरहेको र त्यसमा एनआरएनसूग पनि सहकार्य गर्ने बताए । आगामी फेब्रुअरीमा सरकारले गर्न लागेको श्रम रोजगार सम्मेलनमा पनि एनआरएनलाई सहभागी गराउने उनले उल्लेख गरे ।

अध्यक्ष डा केसीले चेक रिपब्लिकमा कोभिड-१९ पछि श्रम स्वीकृति नविकरण रोकिएकोले श्रम स्वीकृति एवं नविकरण कार्यलाई सहजीकरण गरिदिनपनि हुन अनुरोध गरे । मन्त्री भण्डारीले उक्त सम्बन्धमा परराष्ट्र मन्त्रालयसूग समन्वय र छलफल भइरहेको जानकारी गराए ।

भेटका क्रममा मन्त्री भण्डारीलाई बुझाइएको पत्रमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको ज्ञान, सीप र पूजीलाई स्थानीय तहमार्फत परिचालन गर्न तथा उनीहरुलाई नीतिगत रुपमा सहयोग उपलब्ध गराउूदै पुर्नएकीकरण गर्न, गैरआवासीय नेपाली लक्षित विप्रेषण तथा लगानीलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम ल्याउन एवं पुरस्कार र सम्मानको व्यवस्था गर्न, वैदेशिक रोजगारीमा जानेहरुलाई अनिवार्य रुपमा अभिमुखीकरण सीप दिन, सातै वटा प्रदेशमाव्यवसायिक सीप शिक्षा केन्द्र खडा गरी दक्ष जनशक्ति मात्र विदेश पठाउने व्यवस्था गर्न, वैदेशिक रोजगारीबाट आउने विप्रेषणलाई वैधानिक रुपमा बैकिङ्ग च्यानल मार्फत ल्याउन प्रोत्साहन गर्ने उद्देश्यले नेपाली श्रमिकलाई उनीहरुले पठाएको विप्रेषणमा २ प्रतिशतसम्म प्रिमियम नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था गर्न अनुरोध गरिएको छ ।

उक्त भेटमा रुसका लागि नेपालका राजदूत नियुक्त महामहिम प्रा.डा जंगबहादुर चौहान समेत उपस्थित थिए । यस्तै संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत उपस्थित रहेका थिए ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# तिलगंगा आँखा प्रतिष्ठान रूपनगरमा प्रभावकारी सेवा दिँदै, हजारौं लाभान्वित

सप्तरी । तिलगंगा आँखा प्रतिष्ठानले सप्तरीको रूपनगरमा सञ्चालन गरेको 'तिलगंगा कञ्चनरूप सर्जिकल आँखा केन्द्र' ले सेवा शुरू गरेको एक वर्ष पुग्नै लाग्दा दुई हजार चार सय भन्दा बढी नागरिकलाई आँखा उपचार सेवा दिएको छ ।



गत वर्ष माघ १९ गते औपचारिक रूपमा आरम्भ गरिएको यो आँखा अस्पतालमा आँखा जाँचका साथै चश्मा जाँच, चश्मा बनाउने, आँखा स्वास्थ्य सम्बन्धी परामर्श लगायत सामान्य अप्रेशन समेत हुने गरेको जानकारी केन्द्रले दिएको छ।

केही वर्षदेखि वार्षिक रूपमा सञ्चालन हुने गरेको निशुल्क आँखा शिविर यस वर्षदेखि आवधिक रूपमा चलाइनेछ। यही मङ्सीर दोश्रो हप्ता सञ्चालित निशुल्क आँखा शिविरमा एक हजार भन्दा वढी व्यक्तिको आँखा जाँच गरिएकोमा ४०६ जनाको मोतिबिन्दुको अप्रेशन समेत गरिएको तथ्याङ्क आँखा केन्द्रका प्रमुख चन्द्रकान्त चौधरीले दिनु भएको छ। आँख शिविरका लागि तिलगंगा आँखा प्रतिष्ठान काठमाडौँबाट विशेषज्ञ डाक्टरहरू आउने गरेका छन्।

आँखा उपचार सेवा दिइराखेको यो अस्पतालले स्वास्थ्य स्वयम् सेविका र विद्यालयका शिक्षक/शिक्षिकाहरूलाई समेत तालिम दिएको छ। अस्पतालका आँखा स्वास्थ्य कार्यकर्ता अनिल साउदका अनुसार भर्खरै यस्तो दुई वटा तालिम गरियो। '३० जना स्वास्थ्य स्वयम् सेविका र सरकारी विद्यालयका ३३ जना शिक्षक/शिक्षिकालाई आँखा स्वास्थ्य सम्बन्धी तालिम दियौँ। हामीले तालिम दिएकाहरू अहिले गाउँ र विद्यालयमा सामान्य आँखा जाँच गर्न थाल्नु भएको छ,' साउद भन्छन् ।

तिलगंगा आँखा प्रतिष्ठान, कञ्चनरूप नगरपालिका र कृति सामुदायिक स्वास्थ्य उपचार केन्द्रको सहकार्यमा रूपनगर चोकमा सञ्चालित यो अस्पतालमा नयाँ प्रमुख आएका छन् । वरिष्ठ नेत्र सहायक धर्मराज यादवले पदभार ग्रहण गरेसँगै वरिष्ठ नेत्र सहायक चन्द्रकान्त चौधरी सरूवा भएर विदा भएका छन् ।

अस्पतालमा आयोजित छोटो कार्यक्रममा यादवलाई स्वागत तथा चौधरीलाई विदाइ गरियो। सो कार्यक्रमलाई सम्बोधन गर्दै कृति सामुदायिक स्वास्थ्य उपचार केन्द्रका अध्यक्ष अमर श्रेष्ठले 'हामीलाई कुशल स्वास्थ्य सेवा दिनुका साथै सफलतापूर्वक आँखा शिविर सञ्चालन गरेकोमा चन्द्रकान्त चौधरीलाई धन्यवाद ज्ञापन गर्दछु' भन्दै नयाँ आएका धर्मराज यादवलाई स्वागत् गरे ।

सो अवसरमा रूपनगर क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले, 'तिलगंगा आँखा प्रतिष्ठानको व्यानरमा तपाईँहरूले हाम्रो गाउँलाई दिइराख्नु भएको स्वास्थ्य सेवा विशिष्ट छ' भन्दै आगामी दिनमा यो सेवा अझ प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

# बानेश्वरनाथ मन्दिर परिसरमा भेटियो ७ सय वर्ष पुरानो इटा

राकेश यादव, रौतहट । जिल्लाको गौर नगरपालिका वडा नम्बर २ महादेवपट्टीमा रहेको प्राचीन बानेश्वरनाथ महादेव मन्दिर परिसर पुरातत्व विभागका टोलीले गरिरहेको उत्खननको क्रममा ७ सय वर्ष पुरानो इटा फेला परेको छ ।



पुरानो शिव मन्दिरको रुपमा रहेको बानेश्वरनाथ मन्दिर परिसर भित्र भैरहेको उत्खननको क्रममा भेटिएको इटा समकालीन भएको पुरातत्व विद देवेन्द्रनाथ तिवारीले जनाएका छन् ।

गौर नगरपालिकाका मेयर शम्भू साहको विशेष पहलमा पौष ११ गतेदेखि उत्खनन गर्ने कार्य शुरू रहेको छ । मन्दिरको पूर्व र पश्चिमतर्फ उत्खनन गर्दा मानिसको औंलाको निशान भएको इटा भेटिएको तिवारीले बताए ।

भेटिएको अवशेष सिम्रौनगढसँग मेलखाएकोले ७ सय वर्ष पुरानो रहेको दावी उनले गरे । उत्खननको क्रममा खाना पकाउने माटोको भाडाको टुकड़ा, बच्चाले खेल्ने माटोको ढाक, माटोको हात्तीको टाउको भेटिएकोले घाना बस्ती भएको अनुमान गरिएको बताए । डेढदेखि २ मिटर गहिरो जमीनमुनिको माटो परीक्षण गरी जमीनभित्र भएको अवशेष अनुसन्धान गरी उत्खननको कार्य गरेको बताउँदै भेटिएको अवशेषको प्रतिवेदन बनाएर नगरपालिकाको जिम्मा लगाउने तिवारीले जनाए ।

सिम्रौनगढको इटाको जस्तो इटा भेटिएकोले समकालीन अवशेष रहेको बताउँदै अहिले इनार पनि भेटिएकोले उत्खननको कार्य जारी रहेको छ उनले भने पौष २८ गतेसम्म कार्य गरिने त्यसपछि आवश्यकता भए थप कार्यलाई अगाडि बढाउने बताए ।

उत्खननको क्रममा भेटिएको संरचना, इटको अवस्थाले भएको संरचना भत्किएको अनुमान गरिएको छ । बानेश्वरनाथ मन्दिरदेखि पश्चिमतर्फमा उत्खनन गर्दा इटाको टुकडाहरु बढी मात्रामा देखिएको छ । मन्दिरदेखि करीव १०० मीटर दक्षिणमा भेटिएको इनारको खन्ने काम जारी रहेको छ ।

पुरातत्व विद तिवारीले ११५७ देखि १३८१ सम्म सिम्रौनगढ राज्य रहेको र राजा हरसिंग देव आफ्नो ज्यान जोगाउन काठमाण्डौ गएको बताए । त्यो बेला नेपाल भनेर काठमाडौं, भक्तपुर र पाटनलाई चिनिने गरेको सुनाउँदै रानी देवला देवीले आफ्नो छोरा लिएर भक्तपुर शहरमा गएर बसेको इतिहास रहेको सुनाउँदै यहाँबाट लागेको भगवान तलेजूको स्थापना त्यही गरिएको जनाए ।

पुरातत्व विभागबाट उत्खननको लागि आएका टोलीमा रेखांकन विद ओम कुमार श्रेष्ठ, छबिकार रमेश श्रेष्ठ रहेका छन् । उत्खननको क्रममा भेटिएको अवशेषलाई संरक्षण गर्ने नगरप्रमुख साहले बताएका छन् । उनले ऐतिहासिक कार्य भएकोले संरक्षण गरी पर्यटकीयस्थलको रुपमा विकास गर्ने प्रतिबद्धता समेत जनाए ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**


- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**


- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**


- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।


**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश




# राष्ट्रिय...

सांगठनिक संरचना

वालस्टीनको विश्व प्रणालीको सिद्धान्तले आर्थिक रुपमा आदिवासी वाहुल्य रहेको देशलाई परिधिको देशको रुपमा उभ्याउने र परिधिका देशहरुबाट सस्तोमा जनशक्ति तथा कृषि उत्पादन लगायत प्राकृतिक श्रोतहरुको दोहन गरेर आफ्नो धनी देश( केन्द्र)को उत्पादन ती देशहरुमा महँगोमा बिक्री गर्ने उपाय अपनाउँदै आएका छन्। उनीहरु एकलौटी बजार कब्जा गर्दै प्रतिस्पर्धाको नाममा नाफा निचोर्ने र परिधिको देशहरुलाई परनिर्भर बनाउने योजनामा सफल भएको मानिन्छ। राष्ट्रिय मुक्ति क्रान्ति नेपाल ले विश्व प्रणालीको यस्तो उपनिवेशकारी भाष्य परिवर्तन गर्न सक्नु पर्छ। मूलवासी/आदिवासी समुदायको आफ्नै विकसित अर्थतन्त्र छ किनकी आदिवासीहरुको विश्वदृष्टिकोणले उनीहरुको इतिहास, राजनीति, दर्शन र अर्थतन्त्रको विकास गरेको हुन्छ। नेपालको आदिवासीहरुमा पनि आ-आफ्नै विश्वदृष्टिकोण रहेकोले उनीहरुको अर्थतन्त्र अस्तित्वमा रहिआएको बुझ्नुपर्दछ। ती अर्थतन्त्रलाई पुन: संरचित गर्न आवश्यक ठहर गर्दै अर्थतन्त्रको वैकल्पिक विकास गर्न सक्नु पर्छ। यसले मात्र मूलवासी/आदिवासी सत्तालाई टिकाउन सघाउदछ। उद्योग व्यापारमा कसरी मानव संसाधनको प्रयोग गर्ने भन्ने सवालको जवाफ अर्थतन्त्रको वैकल्पिक बाटोले दिन सक्नुपर्दछ।

अर्थतन्त्रको विकासमा गरिने आदिवासीकरणको सवाल कठीन होइन किनकी जल, जंगल, जमीन, तथा जनशक्ति र जडिबुटी वस्तुकरण गरेर बजारमा उपभोक्तालाई आकर्षित गर्दै लैजाने उदारवादी अर्थतन्त्रको चरित्र आदिवासी अर्थतन्त्रसित मेल खादैन । जल, जंगल, जमीन उनीहरुको आफ्नो सभ्यता र संस्कृतिसित अन्योन्याश्रित सम्बन्ध राख्दछ। यस अर्थमा ती प्राकृतिक श्रोत उपर उनीहरुको सामुहिक अधिकार हुन्छ र उनीहरुकै नियन्त्रण एतिहासिककालदेखि रहिआएको देखिन्छ। तर आधुनिक राज्य सत्ताले उनीहरुको नियन्त्रण हटाएर राज्यको नियन्त्रणमा ल्याउने काम गरिआएको छ। साँस्कृतिक सम्बन्धको निरन्तरता यसबाट टुट्न पुगे र मूलवासी ज्ञानको विकासमा ठूलो अवरोध देखा पर्यो। यसबाट वातावरणीय असन्तुलन समेत देखा पर्यो। राज्य विभेदकारी भएको महसुस भयो। सँस्कृति र विकासको अवधारणालाई कुरीति तथा अन्धविश्वास भनी हेला गर्न पुगे। आधुनिकताको नाममा नक्कल गर्ने संस्कार आयात गरे।

अब वैकल्पिक अर्थतन्त्रमा संस्कृति र विकासको अवधारणालाई नै बलियोसँग उठाउन जरुरी देखिन्छ। यसलाई अन्तर्राष्ट्रिय बजारमा जोड्ने नीति चाहिन्छ। अर्थात् संस्कृति र विकास सम्बन्धि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायत विकासे संस्थाहरुले तय गरेका नीतिहरुको ज्ञान मिमांशा चाहिन्छ। त्यसको अर्थ विकल्पमा ग्रामीण पर्यटन, होमस्टे, साना तथा मझौला जलविधुत, हस्तकला तथा चित्रकला(थाङ्का, मिथिला आर्ट, पौभा आर्ट, मोखा आर्ट, अष्टिम्की आदि), जातीय खानपीनका सामग्री, जडिबुटी रोग उपचार विधि, परम्परागत शिपमा आधारित व्यवसायहरु, कुटीर उद्योग सहकारिताको आधारमा विकास गरेर लैजान सकिन्छ। कृषि तथा पशुपालनलाई व्यवसायिक पेशामा रुपान्तरण गर्दै अर्थतन्त्रमा आदिवासीको पहुँच बढाएर लैजान सकिन्छ। विशेष गरी जल, जंगल, जमीन माथि आदिवासीको अग्राधिकार कायम, नीजि कम्पनीहरु ती स्थानीय आदिवासी जनताहरुको पूर्वसुसुचित स्वतन्त्र जानकारको अधिकार तथा सहमति विना त्यस क्षेत्रमा कुनै पनि योजना अगाडि बढाउन सक्ने छैन। निश्चित क्षेत्रमा नीजि क्षेत्रका लगानीकर्ताको नियन्त्रण आवश्यक ठानिनु पर्दछ भने विकल्पमा सहकारीको अवधारणा अन्तरगत समुदायको नियन्त्रण राख्न सकिन्छ। तसर्थ प्रथम राष्ट्रको पुन:उत्थानसँगै प्राकृतिक श्रोत तथा साधन उपर भइआएको खुल्ला अतिक्रमणलाई निशाना बनाएर त्यस विरुद्ध प्रतिरोध कार्यक्रमहरु जस्तै सामुदायिक वन नीति उपर हस्तक्षेप गरेर सहकारी वन नीति लागु गर्ने जग्गा बेचविखनमा वाहिरियाहरुको चलखेल र दलाली निरुत्साहित गर्ने, बाँध परियोजनाको जोखिम विरुद्ध अभियान चलाउने, साना जलविधुत आयोजना स्थानीय सत्ताको क्रियाशिलतामा सम्पन्न गर्ने, मझौला तथा ठूला जलविधुत आयोजनाहरुमा स्थानीय जनताहरुको शेयर सुनिश्चित बनाउने आदि कार्यक्रमिक रुपमा अगाडि बढाउन अनिवार्य हुनेछ। यसले स्थानीय जनताहरुको आर्थिक एवं प्राकृतिक श्रोतहरुमा पहुँच बढाउने काम गर्दछ।

कम्युनिष्टले भाष्य बनाए "राज्य सत्ता बन्दुकको नालबाट जन्मिन्छ", त्यसो भए के हामीले पनि सत्ता प्राप्त गर्न बन्दुककै सहारा लिने त ? सत्ता बन्दुकको नालमा मात्रै हुँदैन, पैसा अर्थात अर्थतन्त्रको नियन्त्रणबाट पनि पैदा हुन्छ भन्ने भाष्य स्थापित गर्नुछ। पुँजीवादी युगमा बजारको निकै महत्व छ। बजारलाई तीन तरिकाले प्रभावित वा नियन्त्रित गर्न सकिन्छ। बजार वा अर्थतन्त्रलाई प्रभावित गर्ने पहिलो तरिका भनेको व्यापक हड्तालहरू हो। दोस्रो तरिका भनेको उत्पादन, विनिमय माथि नियन्त्रण गर्नु सक्नु हो तेस्रो तरिका भनेको मोजुदा अर्थतन्त्रको आकारमा वृद्धि गराएर बजारलाई प्रभावित गरिदिनु हो। हामी तीनवटै तरिका अपनाउनु पर्दछ। अहिले हामी देखिरहेका छौं मुख्यत: बजार दलाल पुँजीपति (दलाली गरेर जम्मा गरेको पुँजी) र बैंकरहरुको हाथमा छ। क्रान्तिकै अवधिमा नै उनीहरुको हातबाट बजार मुक्त गर्न सकियो भने जनताको निम्ति पनि राहत हुने र क्रान्ति पनि सफल हुन् सक्ने सम्भावना रहन्छ। बजार बैंकरबाट मुक्त गराउनको निम्ति नयाँ नीति एवं अनुशासनमा आधारित व्यापक सहकारी अभियान ( उतपादन,उपभोग,विनिमयसंग सम्बन्धित)चलाउने र कोर्पोरेट हाउस मार्फत बजारको विनिमयमा हस्तक्षेप गर्नु आवश्यक हुन जान्छ । सहकारी अभियान नै यस्तो सामुहिक व्यवसायिक संस्था हो जसमा सवै सहभागीहरुको पुँजीको आधारमा होइन सहभागिताको आधारमा समान मताधिकारको हक र सुविधाको प्रत्याभूत गर्ने गर्दछ। जनस्तरमा अभियानको रुपमा शुरु गरेको समुदायिक पुंजी र श्रम सहितको सहकारी व्यवशायले छोटो अवधिमै विश्वको समृद्ध देशको पंक्तीमा समावेश हुन सफल भएको देशहरु छन। तसर्थ सहकारी अभियानले बैंकरको एकाधिकार पनि सिद्धिन्छ र देश पनि समृद्ध हुन्छ। यसो गर्न सकियो भने जनता र क्रान्तिको निम्ति फाइदाजनक हुन्थ्यो। तसर्थ यो तहको क्रान्ति सम्पन्न गर्न हरेक तरिका अपनाउनु पर्छ तर त्यसको निम्ति पहिलो कार्य भनेको हाम्रो सत्ता आए अर्थतन्त्रमा व्यापक कायापलट हुने विश्वास दिलाउनु पर्छ।

हामी 'राष्ट्रिय मुक्ति क्रान्ति' मा छौं। यो एउटा आन्दोलन हो, क्रान्ति हो। यो क्रान्ति स्पष्ट रुपमा राजनैतिक क्षेत्रमा क्रान्ति गर्छ, सामाजिक-साँस्कृतिक क्षेत्रमा क्रान्ति गर्छ, आर्थिक क्षेत्रमा क्रान्ति गर्छ। एउटा विद्रोही संगठनले आर्थिक क्षेत्रमा क्रान्ति गर्छ भन्ने लक्ष्य राख्दा कतिलाई अनोठो पनि लाग्ला तर सरकार वा अहिलेको अवैधानिक राज्य संरचनामाथि भरोसा गरेर देश समृद्धिको दिशामा जान सक्ने देखिएन। अब नेपालको मोजुदा अर्थतन्त्र वृद्धि गर्न आर्थिक क्षेत्रमा व्यापक क्रान्ति आवश्यक भैसकेको छ। पहिला राजनैतिक परिवर्तन गरौ, अनि आर्थिक क्रान्ति गरौला भनेर पर्खने अवस्था छैन। त्यसैले अब मूलवासी-आदिवासीहरूको भुमी, प्राकृतिक स्रोत, ज्ञान, प्रविधि, सीप, उत्पादन, व्यापार-वाणिज्य, उद्योग आदिलाई संगठित गरिने छ। जसको निमित्त अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी १६९, आदिवासी अधिकार सम्बन्धि संयुक्त राष्ट्रिय घोषणा पत्र ( अनड्रीप), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा पत्र, जातिय विभेद विरूद्धको डर्वन घोषणा पत्र जस्ता अन्तर्राष्ट्रिय व्यवस्थाहरू तथा राष्ट्रिय रूपमा नेपालको अन्तरिम संविधान तथा आदिवासी जनजाति अधिकार कानुनको अधिन रहि आदिवासीहरूको भुमी, प्राकृतिक स्रोत, ज्ञान, प्रविधि, सीप, उत्पादन, व्यापार-वाणिज्य, उद्योगमाथिको नैसर्गिक अधिकार स्थापित गरिनेछ। अर्थ तथा योजना निर्माण अन्तर्गत नै "प्रत्यक्ष वैदेशिक लगानि (एफडीआई) डेस्क" निर्माण गर्ने। सो डेस्क मार्फत अन्तर्राष्ट्रिय लगानी नीतिको अध्ययन गर्ने, लगानीकर्ताहरू तथा उनीहरूको स्थानीय एजेन्टहरूसँग गोप्य सम्बन्ध विस्तार गर्ने, विदेश तथा प्रवासमा रहेका पार्टी सम्पर्क कमिटीहरू मार्फत पनि एफडीआई भित्र्याउने वातावरण बनाउनु पर्छ। अहिलेको कर्मकाण्डी लगानी सम्मेलन र राष्ट्रिय नीतिकै कारण त्यो सम्भव छैन। अब हामी अगाडी बढ्नु पर्दछ। हामी वैधानिक राज्यधारिहरु हौं, त्यसैले हामीले राज्यको अर्थतन्त्र आगामी १० वर्षभित्र अर्थात २०३४ सम्म १०० बिलियनभन्दा बढीको अर्थतन्त्रमा मुलुकलाई पुर्याई सक्छौं।

जापानका तत्कालीन प्रधानमन्त्री हायातो इकेदाले सन् १९६० मा घोषणा गरेका थिए- 'इन्कम डबलिङ प्लान'/। यही योजनाका कारण जापानको अर्थतन्त्र ७.२ प्रतिशतको लक्ष्यबाट वृद्धि भई १० प्रतिशतभन्दा माथि पुग्यो र ७ वर्षमै दुई गुना ठूलो बन्यो/। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीकै अनुभव हेर्ने हो भने देशको आर्थिक वृद्धि, विकास र निर्माणका लागि यथेष्ट लगानी भित्र्याउने वातावरण निर्माण गर्न सरकारको नेतृत्व गर्नेले 'सेल्सम्यान' को भुमीकालाई प्रभावकारी रूपले निभाउनैपर्छ/। तर, लगानीका लागि के बिक्रीमा राखेका छौं भन्ने कुरा पनि महत्वपूर्ण हुन जान्छ/। महत्वपूर्ण कुरा 'हाम्रो अर्थतन्त्रमा लगानी गर' भन्नका लागि अहिले नेपालले बेचिरहेका कुरा के हुन् त भनेर प्रस्ट हुन जरुरी छ/। सँगै केही प्रश्नहरू स्वाभाविक रूपमा उठ्छन्- विकसित, समृद्ध र सुखी भविष्यप्रति देशको नेतृत्वले जगाएको आशा-भरोसा के हो/? रुवान्डा र भारतको अनुभव हेर्दा देश वा राज्यको विकास र समृद्धिको स्पष्ट राष्ट्रिय दृष्टिकोण, त्यसलाई लक्ष्यसम्म पुऱ्याउने दृढ राजनीतिक नेतृत्व र नीतिगत स्थिरता महत्वपूर्ण छन्/। १४० करोडको जनसंख्या र ४ ट्रिलियन (४ पछाडि १२ सुन्ना) डलरभन्दा बढीको अर्थतन्त्र भारत अहिले विश्वमा द्रूत आर्थिक वृद्धि भइरहेको देशमा पर्छ/। अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार सन् २०२४-२५ मा झन्डै ७ प्रतिशत हाराहारीमा भारतको अर्थतन्त्र बढ्ने आकलन छ/। गत ९ वर्षमा प्रतिव्यक्ति आय ५५ प्रतिशतले बढेर भारत विश्वको नौबाट पाँचौं ठूलो अर्थतन्त्रमा उक्लेको छ/। आगामी दुई-तीन वर्षमै जापान र जर्मनीलाई उछिनेर भारत अमेरिका र चीनपछि विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्दै छ/। अवैधानिक राज्यधारिहरु चाहि "भारत बिरोधि छदम राष्ट्रवाद" पैदा गर्दैछन तर अपसोच पैदा गरेको यो वस्तु निर्यात हुन् सक्दैन।

यस परिस्थितिमा हामी गम्भीर छौं। भारत बिश्वगुरु दावी गर्दैछ तर जुन सभ्यता एवं संस्कृतिको आधारमा उ बिश्वगुरु दाबी गर्दैछ त्यो हाम्रै भूमिमा उब्जेको हो। भारत तेस्रो अर्थतन्त्र बन्दै छ, हामी बीच खुल्ला बोर्डर छ त्यसको फाइदा हामीले पनि प्राप्त गर्ने सम्भावना व्यापक छ। हामीसंग बेच्ने चिज छ त्यो भनेको एउटा भारतको विश्व गुरु यात्रामा हाम्रो सभ्यता संस्कृतिको सहयोग हो, हिस्सेदारी हो। यसको निम्ति हाम्रो देशलाई वैदिकहरुको हव र बौद्धहरुको हव बनाउन सक्नुपर्छ। त्यसैगरी भारत तेस्रो अर्थतन्त्र बनिरहँदा उर्जा अर्थात बिधुत हो। यसको निम्ति व्यापक बिधुत उत्पादन गर्नु पर्दछ । पहिलो चिज बेच्दा करोडौं पर्यटक भित्रिन्छ दोस्रो चिज बेच्दा डाइरेक्ट पैसा आउँछ र निरन्तर आइरहन्छ। बिधुतको निम्ति लगानी गर्न पनि भारतलाई नै भन्न सकिन्छ। यो अवस्थामा हामी संग उर्जा अत्याधिक हुनेछ। उर्जा भएर नै खाडी मुलुकमा लगानीकर्ताहरु उधोग लगाएका हुन्, हामीकहाँ पनि संसारभरका लगानीकर्ताहरु झुम्मिने छन्, रोजगारीका व्यापक सम्भावनाहरु खुल्ने छ। तर औपनिवेशिक सरकार जो वस्तुगत रुपमा छदम राष्ट्रवाद तर सारमा दलाल राष्ट्रवादी छन् तिनीहरु यो सब गर्न चाहँदैन। हामी अहिल्यै सरकार होइनौं तर लगानी भित्राउन प्राइभेट सेक्टर टू प्राइभेट सेक्टर सक्छौं। जलबिधुत तथा उधोगको निम्ति आवश्यक हुने आदिवासी सहमति (एफपिक) मा हाम्रो वैधानिक सत्ताको योगदान हुने र चाडै राष्ट्रिय मुक्ति क्रान्ति पनि सम्पन्न हुने हुँदा आगामी सन् २०३४ भित्र नेपालको अर्थतन्त्रलाई ५०० बिलियन डलरको बनाउने लक्ष्य लिएका छौं/। १५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सके १० वर्षमा नेपाल ५०० बिलियन डलरको अर्थतन्त्र बन्न गाह्रो देखिँदैन/। जस्तो कि हरित हाइड्रोजन, बिधुत, पर्यटन, जैविक खेती, नेपाललाई क्षेत्रीय वित्तीय केन्द्र बनाउनेदेखि भारत र चीन जोड्ने व्यापारिक सञ्जालसम्म धेरै क्षेत्रमा ठूलो सम्भावना छ/। आगामी दस वर्षमा मुलुकमा तिन सय पचास अर्ब डलरभन्दा बढी लगानी हुने र जसमध्ये दुइ सय पचास अर्ब डलर निजी क्षेत्रबाट मात्र हुने र त्यसको निम्ति एफ़्डिआइ भित्राउन हामी पहल गर्ने लक्ष्य लिएका छौं। विश्वका प्राइभेट सेक्टरलाई कन्भिन्स गर्छौं कि हामी सरकार बनाउदै छौं, राज्यको काया पलट गर्दैछौं। यो प्रकृयाबाट मुलुकमा ७५ लाख भन्दा बढी नयाँ रोजगारीको समेत सिर्जना हुनेछ। भारतीय अर्थतन्त्र राम्रो भएको खण्डमा जनशक्तिको समेत आवश्यकता पर्ने भएको हुँदा हाम्रो बेरोजगारी समस्या हल गर्न थप मदत हुने नै छ। नेपालीको इन्कम अहिलेको भन्दा तिन गुणा हुनेछ। यसको निम्ति ग्रेट कन्भर्सन डैलोगमार्फत वातावरण बनाइने छ। नेपाली व्यवसायी, निजि क्षेत्र संगै सचेतता पुर्वक राष्ट्रिय मुक्ति क्रान्तिका प्रत्येक संगठन संरचनालाई आर्थिक टर्न ओभर(क्रियाकलाप) संग पनि जोड्नु पर्दछ।

ख) राजनीतिक पावार वृद्धि योजना एवं सांगठनिक संरचना

राष्ट्रहरू खालि साँस्कृतिक समुदाय होईन बरू साझा राजनितिक पहिचान र बृहत सामाजिक सँस्थाहरू भएको सामाजिक-राजनितिक अँगहरू हो यसर्थ एउटा राष्ट्र भित्र आफ्नै राजनिति, अर्थतन्त्र, धर्म-सँस्कृति तथा आत्मारक्षा शक्ति अस्तित्व हुन्छ। पुरक अँगको रूपमा रहँदै पूर्ण स्वयंसेवाको भवना तथा मर्मलाई आत्मासाथ गर्दै हाम्रो राजनिति, अर्थतन्त्र, धर्म-संस्कृति तथा आत्मारक्षाको सुरक्षा गर्न अग्रदस्ताको गठन अनिवार्य भएको हो। हिंसात्मक क्रान्तिमा ससस्त्र सेना जरुरि हुन्छ भने अहिंसात्मक क्रान्तिको निम्ति अग्रदस्ताहरुको संजाल आवश्यक हुन्छ। आत्मगत तयारी जनताको तयारी तह सम्म पुर्याउन तथा अग्रदस्ता पनि जनताको तह सम्म पुर्याउनको निम्ति हामीले एउटा नारा तय गर्नु पर्दछ "हरेक जनता सेना, हरेक हात हथियार"।

खासगरी अग्रदस्ताको निम्ति उच्च समर्पण र वलिदानको भावनाले ओतप्रोत, जुझारू तथा अतिअभाव तथा कठिनाई सामना गर्न सक्ने क्षमता भएको, क्रान्तिकारी विचारद्वारा प्रशिक्षित, उच्च बौद्धिक तिक्ष्णतायूक्त तथा आध्यात्मिक शक्ति विकास भएको, उच्च सांगठनिक, राष्ट्रिय तथा साँस्कृतिक अनुशासनद्वारा बाँधिएका तथा उच्चस्तरको मानसिक तथा शारीरिक स्वस्थता, सुबलता तथा तालिम प्राप्त क्रान्तिकारी योद्धाहरूको अतिआवश्यक हुन्छ वा त्यस्तो अग्रदस्ताहरू विना क्रान्ति संभव हुनै सक्दैन। अग्रदस्ताको निम्ति आत्मगत तयारी उच्च चाहिन्छ।

केही शुत्रहरु -

(क) आत्मगत तयारी जति अगाडी बढ्दै जान्छ संगठनको सुदृढिकरण त्यही अनुपातमा बढ्दै जान्छ।

(ख) जनताको आत्मगत तयारीको तह सम्म पुग्नु मै हाम्रो आन्दोलनको सफलता छ। सफ्ट पावरको दायरा फराकिलो गर्दै जाने, सफ्ट पावरको स्रोतबाट हार्ड पावर बनाउदै जाने।

(ग) संगठनमा आवद्ध भेट्रान (सम्पन्न, दिग्गज वा मास लिडर) लाई पनि भेनगार्ड( अग्रदस्ता) मा परिणत गर्ने नीति अबलम्बन गरिनु पर्छ यो भेट्रान टू भेनागार्ड शुत्र हो। तसर्थ अग्रदास्ता निर्माणको निम्ति ५ संगठनिक कार्य र ४ नीतिगत कार्य आवश्यक छ। अग्रदस्ताले राष्ट्रिय मुक्ति क्रान्ति नेपाल ले तय गरेको अभियान संघर्ष र विद्रोह झैं यी ३ चरणमा के के गर्ने आ आफ्नै कार्ययोजना समेत तय गर्नु पर्दछ।

अग्रदस्ताको (पाच) ५ संगठनिक कार्य

१) योङ्ग इण्डिजिनिस्ट लिग(थ्क्षि )

राष्ट्रिय मुक्ति क्रान्तिले शान्तिपूर्ण तर सशक्त संघर्ष एवं विद्रोहको तयारी गरेको हुँदा यसको निम्ति अग्रदस्ताको आवश्यकता परेको हो। योंग इण्डिजिनिस्ट लिग अग्रदास्ता (हार्ड पावर)को न्युक्लियस हो। यो राष्ट्रिय मुक्ति क्रान्ति नेपालको एक प्रमुख अंग रहेको यो संगठनको राष्ट्रिय मुक्ति क्रान्ति नेपालका संयोजकले योजना निर्माण, कमाण्ड र रिपोर्टिंग लिनु हुनेछ। शान्तिपूर्ण सशक्त क्रान्तिको निम्ति हुने प्रदशन वा हडताल जे भएपनि जनताको सुरक्षाको निम्ति यो पुरा तालिम प्राप्त फोर्स हो जो हुने हरेक अहिंसात्मक संघर्षमा सिधा अगाडी सहभागि हुन्छ। योङ्ग इण्डिजिनिस्ट लिगले संघर्षलाई शान्तिपूर्ण र सशक्त बनाउँछ। योङ्ग इण्डिजिनिस्ट लिग(थ्क्षि) यस क्रान्तिको डीपीएच-फोर्स 'डाईरेक्ट पार्टिसिपेशन ईन हस्टीलिटीज' फोर्स को रुपमा रहने छ। डीपीएच-फोर्स

*क्रमश:...*


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका

पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका

सर्लाही, मधेश प्रदेश

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# भारतको मानवीय सहायता: 'वसुधैव कुटुम्बकम'को प्रतिवद्धता



भारतले प्राकृतिक र मानव निर्मित विपत्तिहरूको बेला अन्य देशहरूलाई तत्काल राहत र सहयोग प्रदान गरेर आफ्नो मानवतावादी कूटनीतिक भूमिका देखाएको छ। यससँगै, 'वसुधैव कुटुम्बकम'को दर्शनमा आधारित भारतको विश्वासले विश्वलाई एक परिवारको रूपमा हेर्ने सोचलाई साकार बनाएको छ।

विकट परिस्थितिमा भारतले आपत्कालीन सहायता प्रदान गर्ने उदाहरण धेरै छन्। हालै मात्रै, भारतले बोलिभिया र वानुअतु जस्ता देशहरूलाई ठूलो राहत सहयोग प्रदान गरेको थियो। वानुअतुमा ७.४ म्याग्निट्यूडको भूकम्पबाट प्रभावित भएपछि भारतले तत्काल ५००,००० डलर' राहत प्रदान गरेको थियो। त्यसैगरी, भियतनामलाई 'टायफून यागी' प्रभावित अवस्थाहरूमा ३५ टन राहत सामग्री पठाएको थियो।

यसैगरी, क्यूबामा ओरुपौचे भाइरस महामारी फैलिएको बेला, भारतले ९० टन मेड इन इन्डिया सक्रिय फार्मास्युटिकल घटकहरू पठाएको थियो, जसले स्थानीय औषधि निर्मातालाई आवश्यक औषधिहरू उत्पादन गर्न सहयोग पुर्यायो।

भारतको यस्तो त्वरित र प्रभावकारी सहयोगले केवल एकता र सहिष्णुता दर्शाउन मात्रै सीमित छैन, बरु यसले कूटनीतिक र सामरिक सम्बन्धहरू थप सुदृढ बनाएको छ। यसको उदाहरण टर्की र सिरिया जस्ता संकटग्रस्त क्षेत्रहरूमा देख्न सकिन्छ, जहाँ भारतले 'अप्रेशन दोस्त' अभियानमार्फत तत्काल राहत र खोजी टीमहरू पठायो।

यही दर्शनले भारतलाई न केवल आफ्नो छिमेकी देशहरूसँग, तर विश्वव्यापी स्तरमा पनि संकटको समयमा पहिलो उत्तरदाता रूपमा देखाउन सक्षम बनाएको छ। यो दृष्टिकोणले सबै देशलाई सहयोग गर्न भारतको प्रतिबद्धतालाई थप बलियो बनाएको छ, जसले मानवतावादी कूटनीतिलाई अन्तर्राष्ट्रिय स्तरमा भारतको प्रमुख सम्पत्ति बनाएको छ।

अन्ततः भारतको मानवतावादी सहायता प्रकट गर्ने तपाइँको स्नेह र सहयोगको भावना, विशेष गरी संकटग्रस्त अवस्थामा, मानवतावादी कूटनीतिक क्षेत्रमा भारतको अभूतपूर्व भूमिका देखाउँछ। -इण्डिया न्यूज नेटवर्क

# भारत-युरोपेली संघ सम्बन्धलाई सबल बनाउन छलफल

प्रधानमन्त्री नरेन्द्र मोदीले जनवरी ७, २०२५ मा युरोपियन काउन्सिलका अध्यक्ष एन्टोनियो कोस्टासँग रचनात्मक संवाद गर्नुभयो। यस वार्ताले भारत-युरोपेली संघ रणनीतिक साझेदारीलाई सुदृढ गर्दै आपसी चासोका विश्वव्यापी मुद्दाहरूलाई सम्बोधन गर्ने उद्देश्य लिएको थियो।

रणनीतिक साझेदारी सुदृढ गर्दै

प्रधानमन्त्री मोदीले युरोपियन काउन्सिलका अध्यक्षको रूपमा कार्यभार सम्हालेकोमा अध्यक्ष कोस्टालाई बधाई दिनुभयो। दुवै नेताहरूले विगत एक दशकमा भारत-युरोपेली संघ रणनीतिक साझेदारीमा भएको उल्लेखनीय प्रगतिलाई स्वीकार गर्दै यी सम्बन्धहरूलाई अझ सुदृढ पार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सहकार्यका मुख्य क्षेत्रहरूमा व्यापार र लगानी, प्रविधि तथा डिजिटल अर्थतन्त्र, र हरित ऊर्जा सामेल थिए। दुवै पक्षले पारस्परिक लाभदायक स्वतन्त्र व्यापार सम्झौता छिटो निष्कर्षमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए, जसले आर्थिक सहभागिता वृद्धि गर्न, व्यापार अवरोध घटाउन र लगानीको अवसरलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ।

वार्ताले अत्याधुनिक प्रविधि र नवीकरणीय ऊर्जा पहलहरूमा सहकार्यको सम्भावनालाई पनि उजागर गर्योक। विश्वव्यापी जलवायु लक्ष्यअनुसार, दुवै पक्षले हरित ऊर्जामा दिगोपन र नवीनताका लागि साझा दृष्टिकोण व्यक्त गरे।

यस वर्षको अन्त्यतिर भारतमा आयोजना हुने भारत-युरोपेली संघ शिखर सम्मेलनको प्रतीक्षामा, नेताहरूले यसको संभावनालाई सकारात्मक रूपमा हेरिरहेका छन्।

अध्यक्ष कोस्टाले भने, "भारत हाम्रो प्रमुख वैश्विक साझेदार हो। अब हाम्रो सम्बन्धलाई अझ मजबुत बनाउने र नयाँ रणनीतिक कार्यसूचीमा संलग्न हुने समय आएको छ। यस वर्षको अन्त्यतिर हुने युरोपेली संघ -भारत शिखर सम्मेलनको प्रतीक्षा गर्दछु।"

भूराजनीतिक चुनौतीहरूको सामना गर्दै

प्रधानमन्त्री मोदी र अध्यक्ष कोस्टाले क्षेत्रीय तथा विश्वव्यापी घटनाक्रमबारे विचारविमर्श गर्दै साझा सुरक्षा चिन्ताको महत्व र अन्तर्राष्ट्रिय कानुनको पालना गर्ने आवश्यकता औंल्याउनुभयो। युरोप र एसियामा भूराजनीतिक चुनौतीहरू सम्बोधन गर्न सहकार्यको महत्वबारे चर्चा गरियो।

प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमा लेख्नुभयो, "अध्यक्ष एन्टोनियो अकोस्टासँग कुराकानी गर्न पाउँदा खुशी लाग्यो। भारत र युरोपेली संघ प्राकृतिक साझेदार हुन्। हामी प्रविधि, हरित ऊर्जा, डिजिटल क्षेत्र, व्यापार, र लगानीका क्षेत्रमा भारत-युरोपेली संघ रणनीतिक साझेदारीलाई अझ मजबुत बनाउन नजिकबाट काम गर्न प्रतिबद्ध छौं।"

अध्यक्ष कोस्टाले पनि यस्तै भावना व्यक्त गर्दै सामाजिक सञ्जालमा लेख्नुभयो, "मेरो दीर्घकालीन मित्र, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी सँग फेरि कुराकानी गर्न पाउँदा खुशी लाग्यो। हामीले २०१७ मा एकअर्कालाई चिनेका हौं, जब उहाँले मलाई प्रवासी भारतीय दिवसमा आमन्त्रित गर्नुभएको थियो। हामीले साझा चिन्ताहरूलाई सम्बोधन गर्दै नयाँ रणनीतिक कार्यसूचीमा सहकार्य गर्नेछौं।"

सहकार्यको नयाँ दृष्टिकोण

साझा लोकतान्त्रिक मूल्यहरू र आर्थिक तालमेलमा आधारित भारत- युरोपेली संघ सम्बन्धले पछिल्ला वर्षहरूमा उल्लेखनीय वृद्धि गरेको छ। दुवै नेताहरूले सुरक्षात्मक सहयोग, जलवायु कार्य, र सांस्कृतिक आदानप्रदानका विभिन्न क्षेत्रहरूमा यो साझेदारीलाई विस्तार गर्ने महत्त्वलाई स्वीकार गर्नुभयो।

आतंकवाद विरोधी उपायहरूलाई सुदृढ पार्दै क्षेत्रीय स्थायित्व सुनिश्चित गर्न, र नवाचार तथा नीति संलग्नतामार्फत जलवायु परिवर्तनको सामना गर्नका लागि प्रयासहरू प्राथमिकतामा राखिएको छ। नेताहरूले शैक्षिक आदानप्रदान, पर्यटन, र कला तथा संस्कृतिमा सहकार्यलाई प्रोत्साहन गर्न महत्त्व दिनुभयो।

प्रधानमन्त्री मोदी र अध्यक्ष कोस्टाबीचको टेलिफोन वार्ताले भारत- युरोपेली संघ रणनीतिक साझेदारीलाई थप सुदृढ पार्ने दिशामा महत्त्वपूर्ण कदम चिन्हित गरेको छ। आर्थिक र रणनीतिक चासोहरूलाई तालमेल गर्दै, दुवै पक्षले आफ्ना जनताका लागि मात्र नभई विश्वव्यापी स्थायित्व र समृद्धिको लागि लाभदायक सम्बन्ध निर्माण गर्ने लक्ष्य राखेका छन्।

दुवै नेता आगामी भारत- युरोपेली संघ शिखर सम्मेलनको तयारी गर्दैगर्दा, यो संवादले विश्वव्यापी चुनौतीहरूको समाधान गर्न र उदीयमान अवसरहरूको फाइदा उठाउन सहकार्य र भविष्यमुखी साझेदारीका लागि साझा दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ। -इण्डिया न्यूज नेटवर्क






## जिल्ला समाचार

### जनमत पार्टीद्वारा नि:शुल्क आँखा शिविर सम्पन्न, १४० जनाको चेकजाँच

वीरगन्ज । जनमत पार्टी पर्साको आयोजनामा निशुल्क आँखा शिविर सम्पन्न भएको छ । वीरगन्ज महानगरपालिका वडा नम्बर १६ इनर्वामा शिविर सम्पन्न भएको हो । संसारीमाई धर्मशालामा आयोजित शिविरमा एक सय ४० जनाको आँखाको चेकजाँच गरिएको छ । जसमध्ये ३४ जनामा मोतियाबिन्दुको समस्या फेला परेको जनमत पार्टीका पर्सा अध्यक्ष ओमप्रकाश सर्राफले बताए । उनका अनुसार मोतियाबिन्दु देखिएकाहरुको वीरगन्ज सामुदायिक आँखा अस्पतालमा शनिबार निशुल्क शल्यक्रिया गरिनेछ । शिविरमा वीरगन्ज सामुदायिक आँखा अस्पतालका डा. महेश सिंह धामी लगायतको टोलीले आँखाको चेकजाँच गरेका थिए । पार्टीले जिल्लाका गरिब तथा विपन्न नागरिकलाई मध्यनजगर गर्दै आँखा चेकजाँचको अभियान सुरु गरिएको बताए । ग्रामिण इलाकाका नागरिकहरु स्वस्थ्य सेवाको पहुँचमा आउनबाट वञ्चित हुने तथा उनीहरुमा सूचनाको अभाव समेत रहने भएकाले अभियान नै चलाएर चेकजाँच सुरु गरिएको उनले जनाए । उनका अनुसार यो अभियान निरन्तर चल्नेछ । कार्यक्रममा केन्द्रिय सदस्यहरु बिध्यालाल प्रसाद, रम्भा मिश्रा, नेताहरू सुजित चौरसिया, बृजकिसोर कलवार,राजनरायण मिस्रा,नरेश राम,सत्युग साह, सिकेन्द्र राम, संजय सिह,निकेश महतो ,लोकेश कर्ण ,तुलसीराम लगायतको सहभागीता रहेको थियो।

### चितवनमा आईटी आर्मीको कमिटी गठन

चितवन । आम जनता पार्टी (आजपा) निकटको आईटी आर्मी चितवन जिल्ला कमिटी गठन भएको छ । नितेशकुमार साहको अध्यक्षतामा १ सय ११ सदस्यीय चितवन जिल्ला कमिटी गठन भएको हो । कमिटीको उपाध्यक्षमा आदम अन्सारी, सुनिलकुमार मेहरा, मुकेश चौधरी सचिवमा निरञ्जनकुमार यादव सहसचिवमा सुनिलकुमार यादव, नौसाद अन्सारी र कोषाध्यक्षमा सरिता साह रहेको आईटी आर्मीका संगठन बिभाग प्रमुख आर्या पाण्डेले जनाएका छन् । आईटी आर्मीका अध्यक्ष चन्द्रभुषण साह र महासचिव नरेश तुरहाले जारी आज जारी गरेको बिज्ञप्ती अनुसार सदस्यहरुमा सन्तुकुमार साह, कार्तिक गुरुङ, पिन्टु कुमार यादव, कन्हैयाकुमार यादव, आयुष चौधरी, रञ्जित सिंह, मन्दीप साह, लभ यादव, सत्यम जयसवाल, भारगम कर्ण रहेका छन् । यसैगरी सदस्यहरुमा रोशनकुमार महतो, हसिन मियाँ, क्यालेन कार्की, प्रभात झा, रितिका शर्मा, इम्पु सहनी, शिवम गुप्ता, लालबाबु सहनी, पंकज यादव, सुनिल यादव, मुकेश कुमार मुखिया, सन्तोष बैठा, विकेश साह, राजाबाबु कुर्मी, निसे शर्मा, दिपा केसी, सजिला श्रेष्ठ, एसो ढुंगाना लगायतका रहेका छन् ।

### कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त आफै प्रहरी समक्ष हाजिर

राकेश यादव, रौतहट । कर्तव्य ज्यान मुद्दामा फरार रहेका एक जना आरोपित प्रहरी समक्ष आफै हाजिर भएका छन् । स्थानीय राजदेवी नगरपालिका वडा नम्बर १ निवासी २० वर्षीय राम नरेश राय यादवले जिल्ला प्रहरी कार्यालयमा आफै उपस्थित भएका हुन् । २०७९ साल फाल्गुन २४ गतेका दिन स्थानीय २५ वर्षीय गजेन्द्र दासको कुटपिटबाट भएको मृत्युको घटनामा फरार रहेका आरोपित यादव करिव २ वर्षको अन्तरालमा पक्राउ परेका हुन् । कर्तव्य ज्यान मुद्दामा फरार रहेका आरोपितको परिवारलाइ अनुसन्धानमा सहयोग गरे सजायमा छुट हुने कानुनी व्यवस्था रहेको भनि प्रहरीले दिएको कानुनी परामार्शको कारण यादव हाजिर भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

### सवारी दुर्घटनामा मोरङमा तीन जनाको मृत्यु

मोरङ । जिल्लाको विभिन्न छुट्टाछुट्टै स्थानमा सवारी दुर्घटनामा परी तीन जनाको ज्यान गएको छ । उर्लाबारी नगरपालिका-५ स्थित सडकमा प्रदेश १-०२-०४५ प २४६० स्कुटर अनियन्त्रित भई शुक्रबार साँझ दुर्घटना हुँदा स्कुटर चालक उर्लाबारी नगरपालिका-५ झुम्राहा बस्ने ४५ वर्षीय नरेन्द्र गुरूङको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । यसैगरी मोरङ, रंगेली नगरपालिका-३ रंजनीस्थित सडकमा को.२ त ५५९६ नम्बरको ट्याक्टर अनियन्त्रित भई शुक्रबार दिउँसो दुर्घटना हुँदा सहचालक सोही नगरपालिका-३ दक्षिण टोल बस्ने १८ वर्षीय सुरज पासवानको मृत्यु भएको छ । सुरजले उक्त ट्याक्टर चलाउने क्रममा दुर्घटना भई गम्भीर घाइते भएका उनको रंगेली अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ । यसैगरी मोरङ, बिराटनगर महानगरपालिका-१४ स्थित सडकमा जेएच १५ जे ७१०३ नम्बरको ट्रक र प्र.१-०२-०४१ प १३२१ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई शुक्रबार साँझ दुर्घटना हुँदा सोही महानगरपालिका-१५ मिल्स एरीया बस्ने बैजनाथ ठाकुरको छोरा मोटरसाइकल चालक १६ वर्षीय सुरज ठाकुरको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### चिसोका कारण रौतहटमा एकजनाको मृत्यु

राकेश यादव, रौतहट । जिल्लाको गौर नगरपालिका वडा नम्बर ८ पुरेनवामा शनिबार दिउँसो एक जना पुरुषको मृत्यु भएको छ । केही दिनदेखि बढेको चिसोको कारण स्थानीय ४१ वर्षीय एकरामुल हक्को निधन भएको हो । घरबाट टेम्पू लिएर गौर आएका हक् खाना खानका लागि करीव १० बजे घर पुगेका थिए । खाना खाएर गाउँमा आगो ताप्न गएको बेला अचानक हिचकी आएर अचेत भएका हक्लाई उपचारको लागि प्रादेशिक अस्पतालमा ल्याउँदा बाटोमै मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ । मृतकका श्रीमती जमीला खातुनका अनुसार घरमा खाना खान आउँदा कुनै समस्या नदेखिएको र घरबाट बाहिर गएपछि बेहोस भएको सुनेको बताउँदै अचानक यस्तो हुन्छ भने नलागेको बताइन् । पहिलादेखि स्वस्थ रहेका हक् टेम्पू चलाएर परिवारको पालन पोषण गर्दै आएको स्थानीय महिला नेतृ अम्ब्या खातुनले बताइन् ।

### सुन गोहोरोसहित दुई जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१३ स्थित कोशी राजमार्गबाट दुर्लभ जनावर सुन गोहोरो ६ वटा सहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुनसरी बर्जु गाउँपालिका-१ बस्ने ५८ वर्षीय बुद्धि ऋषिदेव र ५६ वर्षीय सुरेश ऋषिदेव रहेका छन् । सिआरभी जतुवाबाट खटिएको प्रहरीले भारतबाट बिराटनगरतर्फ आउँदै गरेका उनीहरूलाई उक्त सुन गोहोरो सहित पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागी डिभिजन वन कार्यालय मोरङ पठाइएको छ ।

# भारतको आर्थिक सहयोगमा म्याग्दीमा निर्मित क्याम्पस र छात्रावास भवन हस्तान्तरण

काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा निर्मित क्याम्पस र छात्रावास भवन औपचारिक रुपमा हस्तान्तरण गरिएको छ ।

नेरु. २.७९३ करोड आर्थिक सहयोगमा निर्माण गरिएको म्याग्दीस्थित म्याग्दी बहुमुखी क्याम्पसको क्याम्पस तथा छात्रावास भवनको जिल्ला समन्वय समिति, म्याग्दीका प्रमुख राजकुमार थापा र काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सलर अविनाश कुमार सिंहले संयुक्त रुपमा क्याम्पस व्यवस्थापन समितिलाई औपचारिक रुपमा हस्तान्तरण गरेका हुन् । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी तथा समाजसेवीहरुको पनि उपस्थिति रहेको थियो ।



'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग मानविकी भवन खण्ड, व्यवस्थापन भवन खण्ड, छात्राका लागि छात्रावास भवन तथा अन्य सहयोगी संरचनासहितको क्याम्पस भवनको निर्माणमा उपयोग गरिएको थियो ।

यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो र जिल्ला समन्वय समिति, म्याग्दीमार्फत कार्यान्वयन गरिएको थियो ।

राजनीतिक प्रतिनिधि, जिल्ला समन्वय समिति, म्याग्दीका प्रमुख, म्याग्दी बहुमुखी क्याम्पसका अध्यक्षले नेपाली जनताको उत्थानका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको सराहना गरेका थिए ।

नवनिर्मित संरचनाले म्याग्दी बहुमुखी क्याम्पसका विद्यार्थीहरुको उच्च शिक्षा तथा छात्रावास सुविधामा पहुँच दिलाउन मद्दत गर्नेछ । साथै यसले सिकाइका लागि राम्रो वातावरण सिर्जना गरी यस क्षेत्रको शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउनेछ ।

म्याग्दी बहुमुखी क्याम्पस सन् १९९६ मा स्थापना भएको हो । यस सामुदायिक क्याम्पसले स्नातक तथा स्नातकोत्तर तहका विषयहरु अध्यापन गराउँदै आएको छ । क्याम्पसमा करिब ९५० जना विद्यार्थीहरु अध्ययनरत छन् जसमा ७० % छात्राहरु रहेका छन् ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# बागलुङमा भारतद्वारा निर्मित विद्यालय भवन हस्तान्तरण

काठमाडौं । 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको बागलुङस्थित श्री भीमगिठे माध्यमिक विद्यालयको विद्यालय भवन हस्तान्तरण गरिएको छ ।



जिल्ला समन्वय समिति, बागलुङका प्रमुख अमर बहादुर थापा, बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारी र काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सलर अविनाश कुमार सिंहले संयुक्त रुपमा विद्यालय व्यवस्थापन समितिलाई औपचारिक रुपमा हस्तान्तरण गरेका हुन् ।

उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी तथा समाजसेवीहरुको पनि उपस्थिति रहेको थियो ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग अन्य सहयोगी संरचनासँगै विद्यालय भवनको निर्माणमा उपयोग गरिएको थियो । यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो र जिल्ला समन्वय समिति, बागलुङमार्फत कार्यान्वयन गरिएको थियो ।

जिल्ला समन्वय समिति, बागलुङका प्रमुख, बडिगाड गाउँपालिकाका अध्यक्ष, राजनीतिक प्रतिनिधि तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नेपाली जनताको उत्थानका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको सराहना गरेका थिए ।

नवनिर्मित संरचना बागलुङस्थित श्री भीमगिठे माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्न उपयोगी हुनेछ । साथै यसले सिकाइका लागि राम्रो वातावरण सिर्जना गरी यस क्षेत्रको शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउँनेछ ।

प्राथमिक विद्यालयका रुपमा श्री भीमगिठे माध्यमिक विद्यालय सन् १९५८ मा स्थापना भई सन् १९६८ मा निम्न माध्यमिक विद्यालयका रुपमा स्तरोन्नत भएको हो । पछि सन् १९८८ मा यो विद्यालय माध्यमिक तहमा स्तरोन्नत भएको हो । विद्यालयले कक्षा १ देखि १२ सम्म अध्यापन गराउँदै आएको छ । विद्यालयमा करिब ७०० जना विद्यार्थीहरु अध्ययनरत छन् जसमा ५४ % छात्राहरु रहेका छन् ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तार गर्दै नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# लायन्स क्लब अफ काठमाडौं मिथिला सिटीद्वारा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

काठमाडौं । लायन्स क्लब अफ काठमाडौं मिथिला सिटीको आयोजनामा शनिबार नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

"सेवा नै धर्म हो" नाराको साथ नि:शुल्क दाँत शिविर र नि:शुल्क डाईबेटीज तथा उच्च रक्तचाप परीक्षण शिविर आयोजना गरिएको हो ।



प्राविधिक सहयोग ईकोन डेन्टलले गरेको थियो । उक्त कार्यक्रमका विशिष्ट अतिथि टोखा नगरपालिका वडा नं. ८ को वडा अध्यक्ष रमेश खत्री तथा क्लबका आध्यक्ष राघबेन्द्र सिंहबाट कार्यकमको सुरुवात गरिएको थियो ।

जालुपा माध्यमिक विद्यालय परिसरमा वडा नं. ८ को स्थानीयहरु २५० भन्दा बढी सेवाग्राहीहरुले नि:शुल्क स्वास्थ्य शिविरबाट लाभ लिएका थिए ।

उक्त कार्यक्रममा लायन्स क्लब अफ काठमाडौं मिथिला सिटीको तर्फबाट क्लबका अध्यक्ष लायन राघबेन्द्र सिंह, उपाध्यक्ष लायन आनन्द मण्डल, सचिव अमृता नायक, सदस्यहरु नविन चौधरी, मोहन साह, रिजवान बधाई, मो.सदिक उमर अन्सारी तथा लियो आनन्द सिंह र वडाबाट वडा अध्यक्षलगायत सम्पूर्ण सदस्यहरुको उपस्थिति रहेको थियो ।

नि:शुल्क स्वास्थ्य शिविरबाट स्थानीयहरु लाभान्वित भएको लायन्स क्लब ओफ काठमाडौं मिथिला सिटीको उपाध्यक्ष लायन आनन्द मण्डलले जानकारी दिए ।

## कवाड व्यवसायीलाई दु:ख नदिन माग

काठमाडौं । नेपाल समाजवादी पार्टीले कवडा व्यवसायीलाई काठमाडौं महानगरपालिकाले कानून विपरित दिईरहेको दुख एवं व्यवसायीको कारोवार स्थलमा तोडफोड गरिरहेको प्रति आपती जनाएको छ । नेसपाका महासचिव रमेश प्रसाद यादवले एक बिज्ञप्ती जारी गर्दै कवाड व्यवसायीमाथि लगाईएको झुटा आरोप खारेज गर्नुपर्ने र व्यवसायीहरु प्रति गरिएको अन्यायपूर्ण क्रियाकलाप तुरुन्त बन्द गर्न माग गरेका छन् । हाल कवाड व्यवसायमा झण्डै एकलाख भन्दा बढी मान्छे प्रत्यक्ष रोजगारमा संलग्न रहेका छन् । कवाड व्यवसायले देशका उधोगलाई कच्चा पदार्थ उपलब्ध गराउँदै रोजगार सिर्जना गर्दै आएको र वातावरणीय सफाईमा महत्वपूर्ण योगदान दिदै आएकोमा काठमाडौं महानगरपालिले कानून विपरित व्यवसाय स्थलमा गरिरहेको तोडफोड बन्द गर्न नेसपाले भनेको छ ।

## अखिल भारतीय कायस्थ महासभाको कार्यक्रममा भाग लिन अध्यक्ष दत्त भारत जाँदै



काठमाडौं । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्त अखिल भारतीय कायस्थ महासभा द्वारा आयोजित कार्यक्रममा भाग लिन शनिबार भारत जाने भएका छन् । जनवरी १२ मा नयाँ दिल्लीमा आयोजना हुने "स्वामी विवेकानन्द तथा महर्षि योगी जयन्ती समारोह र कायस्थ उत्सव २०२५" मा अति विशिष्ट अतिथिको रुपमा सहभागी हुन् शनिबार नयाँ दिल्ली जाने कार्यक्रम रहेको अध्यक्ष डा.दत्तको सचिवालयले जनाएको छ । सो कार्यक्रममा देश-विदेशका महत्वपूर्ण सामाजिक अभियन्ताहरुको उपस्थिति रहने छ । अध्यक्ष डा.दत्त सोमबार स्वदेश फर्किने कार्यक्रम छ ।


# कृषि उत्पादन बढाऔं

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपन्छीपालन सम्बन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीहरुमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरुसँग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**








पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं